

विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**मजदुर विज्ञापन शाखा**

नागांचा-१०, भक्तपुर, फोन नं. ९७४४४२४४६५

**विज्ञापनको लागि सूचना**

सम्पूर्ण ग्राहकवर्गले विज्ञापन दिने gmail id: majdurdaily@gmail.com उक्त gmail id change भई नयाँ gmail id र भाइबर नं. भएको जानकारी गराउँदै विभिन्न साइजको विज्ञापन दिनुपरेमा तलको उल्लेखित भाइबर नं.मा viber वा दिइएको gmail id मा मेल गरिदिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

भाइबर नं. : ९७४४४२४४६५

Gmail : majdurdailybigyapan@gmail.com

मजदुर The Worker Daily दैनिक



★ वर्ष : २८ ★ अङ्क : १५१ ★ ने. सं. ११४६ तछला थ्व, नवमी ★ मङ्गलबार ★ ९ असार, २०८३ ★ June 23, 2026, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८


# "धेरै ठुलो कुरा नगरेर सानो काम गरेर पनि जनताको सेवा गर्न सकिन्छ"




भक्तपुर, ८ असार । नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) की जीवन साथी तथा नेपाल क्रान्तिकारी महिला सङ्घकी पूर्व केन्द्रीय कोषाध्यक्ष शोभा प्रधानको चौथो स्मृति सभा सोमबार सम्पन्न भएको छ । कार्यक्रममा वक्ताहरूले नेतृ प्रधानको जीवन र योगदानबारे विभिन्न कोणबाट प्रकाश पार्नुभएको थियो ।

कार्यक्रममा अध्यक्ष नारायणमान बिजुक्छेँले जीवनको लामो अवधि निर्वासन, जेल र डेरामा बिताएको हुँदा घर पनि डेराजस्तो लाग्ने गरेको बताउनुभयो । पैसा कमाउने, ठुलो हुने, झिलिमिली खानेजस्ता ठुलो इच्छा-आकाङ्क्षा नराख्ने गरेकोमा शोभा प्रधानले घर सम्हाल्ने गरेको उहाँले स्मरण गर्नुभयो ।

सरकारले क्यान्सरको औषधिको व्यवस्था गर्न नसकेकैले शोभा प्रधानको चाँडै निधन भएको चर्चा गर्दै उहाँले भन्नुभयो, "सरकारको स्वास्थ्य नीति राम्रो र औषधि उपचारको व्यवस्था भएको भए आधा मान्छे असमयमै मर्ने थिएनन् ।"

उहाँले नेता तथा कार्यकर्तालाई जनताको सक्दो सेवा गर्न जोड दिनुभयो । २०१५ सालमा भक्तपुरमा जम्मा एक जना इन्जिनियर भएकोमा आज घनत्वको हिसाबले भक्तपुरमा देशकै धेरै इन्जिनियर उत्पादन भएको उहाँले जिकिर गर्नुभयो । भक्तपुर नगरपालिकाले सञ्चालन गरेका अस्पताल र शिक्षालयले देशभरिकै गरिब जनताका छोराछोरीलाई सस्तो सेवा दिइरहेको उहाँले बताउनुभयो ।

अध्यक्ष बिजुक्छेँले भन्नुभयो, "क्रान्ति गर्न नसके पनि जनताको सेवा त गर्‍यौँ । धेरै ठुलो कुरा नगरेर सानो काम गरेर पनि जनताको सेवा गर्न सकिन्छ ।"

स्मृति सभामा वाग्मती प्रदेशसभा सदस्य सृजना सैँजूले नेतृ प्रधानले कार्यकर्ताहरूको राम्रो हेरविचार गर्ने गरेको स्मरण गर्नुभयो ।

नेतृ प्रधानले २०४५ सालको भक्तपुर काण्डमा सहेको यातना र योगदानलाई इतिहासले लेखाजोखा गरेको बताउनुभयो । उहाँलाई शैक्षिक आन्दोलन, महिला आन्दोलन र साक्षरता तथा स्वास्थ्य अभियन्ताको रूपमा बुझ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा पोषणविद् डा. कान्ति श्रेष्ठले नेपालका रैथाने बोटबिरूवा र पकवानहरूमा पाइने पोषक तत्त्वबारे विस्तृत चर्चा गर्नुभयो । खाना आहारमात्र नभई औषधि पनि हुने भन्दै उहाँले हाम्रा पुर्खाको रैथाने ज्ञानमा लुकेको विज्ञानका विभिन्न पाटाबारे केलाउनुभयो ।

फ्याट्टी एसिड, एमिनो एसिड र फ्लेबोनोइड मिसाएको सन्तुलित आहार खानाले निरोगी बन्न सकिने उहाँको मूल सन्देश थियो ।

शिक्षक राजामान बिजुक्छेँले 'शोभा भाउजू' बारे विभिन्न सम्झनाहरू सुनाउनुभयो ।

'शोभा भाउजू' घरबाहिर मात्र नभएर घरमा पनि सफल बुहारी बन्नुभएको चर्चा गर्दै उहाँले भन्नुभयो, "उहाँले देश र जनताको सेवा गर्ने 'दाइ' को आदर्श अनुरूप जीवनयापन गर्नुभएको थियो ।"

भक्तपुर काण्डको बेला 'शोभा भाउजू' ले समाजका सबै यातना सहनुभएको र कहिल्यै चित्त नदुखाउनुभएको उहाँले स्मरण गर्नुभयो ।

नर्सिङ समाजकी अध्यक्ष देविका दनेखुले मानसिक रूपमा सशक्त हुनाले नै नेतृ शोभा प्रधानले दुईपल्ट क्यान्सरको सामना गर्नुभएको बताउनुभयो ।

क्यान्सरको औषधिमा आज पनि देश पछाडि नै रहेको उहाँले गुनासो गर्नुभयो ।

मानसिक स्वास्थ्यसम्बन्धी चर्चा गर्दै उहाँले देशमा पुरूषभन्दा बढी महिलाहरू मानसिक रोगको सिकार भइरहेको तस्बिर उतार्नुभयो । उहाँले


बाँकी पृष्ठ २ मा


# भक्तपुर क्यान्सर अस्पतालका कर्मचारीहरूले बुझाए नगर प्रमुख प्रजापतिलाई ज्ञापनपत्र



भक्तपुर, ८ असार । भक्तपुर क्यान्सर अस्पतालको कर्मचारी सेवाको सर्त तथा सुविधासम्बन्धी विनियमावली तत्काल पारित गराउन आवश्यक पहलका लागि अनुरोध गर्दै अस्पतालका चिकित्सक, नर्स, पारामेडिक्स तथा कर्मचारीहरूको एक प्रतिनिधिमण्डलले सोमबार भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसित भेट गर्‍यो ।

विनियमावलीको अभावमा लामो समयदेखि कार्यरत कर्मचारीहरूको सेवा सुविधा तथा वृत्ति विकासमा नकारात्मक प्रभाव परेको उल्लेख गर्दै कर्मचारीहरूले लिखित ज्ञापनपत्र बुझाउँदै अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति र कर्मचारीहरूको अथक प्रयासबाट तयार पारिएको उक्त विनियमावली कसैको स्वार्थवस व्यवस्थापन समितिबाट पारित गराउन अवरोध सिर्जना भएकोमा दुःख व्यक्त गरे । अस्पतालमा कार्यरत कर्मचारीहरूको भावनाबमोजिम तयार गरिएको विनियमावली लोकसेवा आयोग र अर्थ मन्त्रालयबाट समेत सिफारिस भई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा स्वीकृत गराउन अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट पारित गराउनुपर्नेमा एक महिना नाघिसक्दासमेत कार्यकारी निर्देशकले बेवास्ता गरेको कर्मचारीहरूको भनाइ छ ।

ज्ञापनपत्रमा उल्लेख छ, 'अस्पतालप्रति सधैँ माया गर्ने इमानदार कर्मचारीहरूको अथक प्रयासपछि बनेको विनियमावली लोकसेवा र अर्थ मन्त्रालयको सिफारिससहित स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट अस्पताल विकास समितिबाट स्वीकृतार्थ २०८३।२।६ गते अस्पतालमा पेस भएकोमा हालसम्म पनि विकास समितिबाट मन्त्रालयमा स्वीकृतिका लागि पठाउन नसक्नु गैरजिम्मेवार एवं लाजमर्दो कुरा हो ।'

अस्पतालका कार्यकारी निर्देशक डा. उज्ज्वल चालिसेले आफ्नो नातेदार र भनसुनका आधारमा ३० जनाभन्दा बढी कर्मचारीहरूलाई नियुक्त गरेको अवस्थामा र सार्वजनिक खरिद नियमावलीविपरित कार्य गर्ने अभिप्रायले विनियमावली स्वीकृत नगर्ने बहानाबाजी गर्दै आएकोमा आक्रोश व्यक्त गर्दै ज्ञापनपत्रमा उक्त विनियमावली तत्काल समितिमार्फत पारित गराई स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमा प्रेषित गर्न नगर प्रमुखलाई अनुरोध गरिएको छ ।

विसं २०५१ सालमा क्यान्सर केयर युनिटको रूपमा स्थापित उक्त अस्पतालमा गैरसरकारी संस्थामार्फत व्यापक अनियमितता भएपछि त्यसको विरोधमा कार्यरत कर्मचारीहरूले आन्दोलन गरी स्थानीय जनता र भक्तपुर नगरपालिकाको सहयोगमा नेपाल सरकारबाट भक्तपुर क्यान्सर अस्पताल


बाँकी पृष्ठ ८ मा


# दुईदिने 'हेरिटेज मार्केट–कल्चरल किचन मेला' सम्पन्न

भक्तपुर, ९ असार । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजनामा सञ्चालित दुईदिने 'हेरिटेज मार्केट-कल्चरल किचन मेला' सम्पन्न भएको छ । भक्तपुर पर्यटन विकास समितिको सहकार्य र 'गो लोकल' को संयोजनमा भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको १५ औँ संस्करणका रूपमा यो मेला आयोजना गरिएको हो । भक्तपुरका मौलिक रैथाने घरेलु तथा साना उद्योग एवं स्थानीय सीपबाट उत्पादित वस्तुहरूको प्रवर्द्धन गर्ने उद्देश्यले आयोजित उक्त मेलाको समापन वाग्मती प्रदेश सभा सांसद सृजना सैजुको प्रमुख आतिथ्यतामा भयो ।

मेलामा भक्तपुरको पहिचान झल्किने काष्ठकला, हस्तकला, र काठका दैनिक प्रयोग हुने वस्तुहरू, परम्परागत भादगाउँले कालो टोपी, तान बुनाई तथा कटनका कपडाहरू, परम्परागत नेवारी गहनाहरू तथा धातुका सामग्रीहरू, भक्तपुरको प्रसिद्ध जुजु धौ, फ्रोजन योमरी, च्याउका विभिन्न परिकार तथा मौलिक नेवारी खाद्य परिकारहरू स्टलहरू राखिएका थिए ।

समापन समारोहलाई सम्बोधन गर्दै प्रमुख अतिथि सांसद सैँजुले भक्तपुरलाई सभ्यता र कलाको सहरका रूपमा चित्रण गर्नुभयो । "भक्तपुरको यो अनुपम कला र सभ्यतालाई अर्थतन्त्रसँग जोड्ने हेतुले मेला आयोजना हुनु सकारात्मक कदम हो," उहाँले भन्नुभयो । मेला अवलोकनका क्रममा प्रौढदेखि युवासम्म र परम्परादेखि नवीनतम् शैलीका स्टलहरू देख्न पाएकोमा खुसी व्यक्त गर्दै उहाँले महिला उद्यमीहरूको बाहुल्यता र युवा पुस्ताले आफ्नै सीप प्रयोग गरी उत्पादन गरेका सामग्रीहरूको प्रदर्शनी देख्दा मनैदेखि प्रफुल्लित भएको बताउँदै ती उद्यमीहरूको प्रशंसा गर्नुभयो । सांसद सैजुले भक्तपुरलाई सभ्यता र कलाको सहर भएको कारण यहाँको मौलिक कला र सभ्यतालाई अर्थतन्त्रसँग जोड्ने उद्देश्यले साना तथा स्थानीय उद्यमीहरूलाई आफ्नो उत्पादन प्रवर्द्धन गर्ने सुनौलो अवसर प्रदान गरेको भन्दै आयोजक समूहप्रति हार्दिक आभारसमेत प्रकट गर्नुभयो । विश्व बजार निश्चित व्यक्तिको हातमा गइरहेको अवस्थामा सामुदायिक रूपमा यस्ता मेलाहरू आयोजना गरेर बजार विस्तारमा योगदान पुर्‍याएको भन्दै उहाँले आयोजकप्रति आभार व्यक्त गर्नुभयो ।" संसारभर बजार एकाधिकारतर्फ गइरहेका बेला, समुदाय स्तरबाटै यसरी मेला आयोजना गरेर स्थानीय बजारलाई फैलाउनु र उद्यमीलाई अवसर दिनु सराहनीय कार्य हो ।" भन्नुभयो ।

त्यसैगरी कार्यक्रममा 'गो लोकल' का संयोजक विरेन्द्र जतिले स्थानीय उत्पादनलाई बढावा दिने संस्थाको अवधारणाबारे प्रष्ट पार्नुभयो । त्यस्तै, सङ्घका पूर्व अध्यक्ष तथा नेपाल घरेलु तथा साना उद्योग महासङ्घका उपाध्यक्ष चन्दनकृष्ण श्रेष्ठले साना उद्यमीहरूलाई सहुलियतपूर्ण शुल्कमा आफ्ना उत्पादन


बाँकी पृष्ठ ८ मा


# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३४

**सशस्त्र प्रहरी बल, नेपाल नं २४ गुल्म हे. क्वा काठमाडौँमा कार्यरत सशस्त्र प्रहरी नायब निरीक्षक सुबोधकुमार बुढाथोकी :**

२०८२ भदौ २३ गते बिहान ७:३० बजेको सामेलीमा "यो केवल सामान्य बच्चाबच्चीको दुई घण्टाजतिको प्रदर्शन हो । सिचुएसनलाई सामान्य डिल गर्नू, बल प्रयोग गर्नुपर्ने अवस्था हुँदैन ।" भन्ने ब्रिफिङ भएको थियो । अन्दाजी १०:३० बजेदेखि बानेश्वर एभरेस्ट होटेल अगाडि प्रदर्शनकारीहरू जम्मा हुँदै अन्दाजी ११:३० बजे ठुलो भिड भयो । उनीहरूले एकाएक प्रहरीको ब्यारिकेड तानेर लडाए । त्यसपछि भिडले एकाएक नेपाल पुलिस टीम र एपीएफलाई पछाडि धकेल्दै संसद् भवनको २ नम्बर गेटमा पुर्‍यायो ।

प्रहार धेरै भएपछि एपीएफको एक नम्बर प्लाटुनले ग्यास सेल र एसएलआरबाट ६ राउन्ड हवाईफायर गर्‍यो । भिड केही पर गए पनि हामीले अगाडि बढेर होल्ड गर्न नसक्दा भिड पुनः गेटमा आइपुगेर संसद् भवनको कम्पाउन्ड भत्काउन थाल्यो । पछि "गोलीफायरको आदेश आइसक्यो, गोली चलाऊ" भनेको सुनेँ । त्यसैसँगै गोली फायर भएको पनि आवाज आएको


बाँकी पृष्ठ २ मा




**यन्त्रले रोपाइँ गर्दै किसान :** कैलालीको जानकी गाउँपालिका-४ मुनुवामा आधुनिक रोपाइँ गर्ने यन्त्रले रोपाइँ गर्दै किसान । यस यन्त्रले रोपाइँ गर्दा सहज हुने गरेको किसान बताउनुहुन्छ । *तस्बिर: सुरेन्द्रबहादुर ताम्राकार/रासस*

# वागीश्वरीमा शोभा प्रधानको चौथो स्मृति सभा

भक्तपुर, ८ असार । नेपाल क्रान्तिकारी महिला सङ्घ वागीश्वरी एकाइ समितिको आयोजनामा वागीश्वरी मा.वि.का पूर्वशिक्षिका शोभा प्रधानको चौथो स्मृति सभा सोमबार सम्पन्न भयो ।

उक्त स्मृति सभामा विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद कर्माचार्यले भन्नुभयो, “शोभा प्रधान सादा जीवन उच्च विचारका धनी हुनुहुन्थ्यो ।”

उहाँले भन्नुभयो, “उहाँले २०४५ सालको षड्यन्त्रको विरोधमा क्रान्तिकारी महिला दिदी बहिनीहरूको नेतृत्व गर्नुभयो । यही षड्यन्त्रको हतियार प्रयोग गरेर भक्तपुरलगायत देशभरका जनतालाई पासविक दमनमा उत्रेको जनताको प्रतिकारको कारण पञ्चायत अन्त्य पनि भयो ।”

प्रा.डा. सिद्धिवीर कर्माचार्यले शोभा मिसप्रति श्रद्धाञ्जली व्यक्त गर्दै भन्नुभयो, “सम्मान, समर्पण, त्याग, सेवा आदि दीर्घकालीन हुन्छ । हामी यतातिर लाग्नु आवश्यक छ । यसले समाज र देशलाई हित गर्छ । यो स्वास्थ्य उपचार कोषलाई उदाहरणको रूपमा लिन रु. १०४,४४४।०० जम्मा गर्ने घोषणा गर्दछु । शोभा मिसले आफू क्यान्सरको बिरामी भएर पनि अरु शिक्षक, कर्मचारीलगायत पीडित व्यक्तिलाई उपचारमा केही सहयोग गर्न यो कोष स्थापना गर्नुभएको थियो ।”

वागीश्वरी कलेजका प्राचार्य धनकुमार श्रेष्ठले दिवङ्गत शोभा प्रधानप्रति श्रद्धाञ्जली प्रकट गर्दै भन्नुभयो, “म शोभा मिसलाई वागीश्वरीको अभिभावकको रूपमा सम्मान गर्छु । उहाँ हाम्रो कलेजको अभिभावक पनि हुनुहुन्थ्यो ।”

उहाँले भन्नुभयो, “उहाँको सुझाव र सल्लाहले मलाई कलेज व्यवस्थापन गर्नमा ठुलो सहयोग मिलेको थियो ।”

वागीश्वरी कलेज अफ म्यानेजमेन्टका प्राचार्य कृष्णप्रसाद धन्छाले आफू क्यान्सरबाट पीडित भए पनि उहाँले उच्च मनोबलका साथ विद्यार्थी भाइबहिनीहरूसँग रमाएर पढाउने काम गर्नुभयो । उहाँले भन्नुभयो, “मिसहरूलाई पनि आत्मबल र हौसला दिनुभएको मलाई अहिले पनि झलझली याद आउँछ । उहाँ शिक्षक, कर्मचारी, विद्यार्थीका हकहितका लागि लड्ने योद्धा, विद्यार्थी सबैलाई माया दिने आमाजस्तो हुनुहुन्थ्यो ।”

ख्वप अस्पतालका स्त्रीरोग विशेषज्ञ डा. जितेन्द्र सिंले नेपालमा महिला दिदी बहिनीहरूमा क्यान्सर रोग बढ्दै गरेको सन्दर्भ उल्लेख गर्दै भन्नुभयो, ‘विकासोन्मुख देशमा महिलाहरूको स्वास्थ्यको ठुलो समस्या भनेको पाठेघरको मुखको क्यान्सर हो । धेरै महिला दिदीबहिनीहरू अज्ञानता र लाजको कारणले रोगलाई छोपेर राखेको देखिन्छ । अति पीडा भएपछि मात्र जचाउन आउँदा हामीले चाहेर पनि बचाउन सकेनौँ । त्यसैले समयमै उपचार गर्न आउन मेरो विशेष आग्रह छ ।”

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सदस्य पवित्राकुमारी शाहीले शोभाप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दै भन्नुभयो, “उहाँले महिलाहरूको स्वास्थ्य, शिक्षा, राजनीति आदिमा गरेको योगदान र सङ्घर्षको कदर गर्दै यो कार्यक्रम भएको मलाई लाग्छ । उहाँ आन्दोलनको क्रममा पटक पटक गिरफ्तारमा परी पुलिसको हिरासतमा पर्नुभएको हामीलाई थाहा छ ।”

एकाइ समितिका सदस्य सीता कार्कीले शोभा मिसको साङ्क्षिप्त परिचय दिँदै अतिथि र सहभागी सबैलाई स्वागत गर्नुभयो । उक्त स्मृति सभा एकाइ समितिका अध्यक्ष रामलक्ष्मी कोजुको सभापतित्वमा सम्पन्न भयो । सभामा समितिका सदस्य श्रीया पहिजुले पनि बोल्नुभएको थियो ।

# सुकुन्दा साकोसद्वारा आयोजित तीनदिने कृत्रिम बौद्धिकता तालिम




भक्तपुर, ८ असार । भक्तपुर नगरपालिका वडा नं ७ जगातीस्थित सुकुन्दा बचत तथा ऋण सहकारी संस्था लिमिटेड (सुकुन्दा साकोस) को आयोजनामा कृत्रिम बौद्धिकता (एआई) को व्यावहारिक ज्ञान र सीप विकाससम्बन्धी तालिम सफलतापूर्वक सम्पन्न भएको छ ।

कार्यक्रममा संस्थाका व्यवस्थापक सानुकाजी चिकंबञ्जारले प्रविधिको तीव्र विकाससँगै सहकारी क्षेत्रले पनि डिजिटल रूपान्तरणलाई आत्मसात् गर्नुपर्ने आवश्यकता औँल्याउँदै सदस्य तथा कर्मचारीहरूलाई नवीन प्रविधिको प्रयोगमा दक्ष बनाउने यस्ता तालिमहरू समयसापेक्ष र अत्यन्त उपयोगी रहेको धारणा व्यक्त गर्नुभयो ।

तालिमका प्रशिक्षक श्रीराम कासिछ्वाले कृत्रिम बौद्धिकता आजको आवश्यकता मात्र नभई भविष्यको आधारसमेत रहेको उल्लेख गर्दै यसको जिम्मेवार र रचनात्मक प्रयोगमा जोड दिनुभयो ।

संस्थाका उपाध्यक्ष केशव कवांले प्रविधिमैत्री संस्था निर्माणका लागि यस्ता क्षमता अभिवृद्धि कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दै तालिमलाई सफल बनाउन योगदान पुऱ्याउने प्रशिक्षक, सहभागी तथा सहयोगीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

कार्यक्रमका सभापति तथा संस्थाका अध्यक्ष राजभाइ माकले प्रविधिको सही र जिम्मेवार प्रयोगबाट मात्र समृद्ध, सक्षम तथा प्रतिस्पर्धी समाज निर्माण सम्भव हुने उल्लेख गर्नुभयो । उहाँले एआई तालिम अहिलेको अपरिहार्य आवश्यकता रहेको चर्चा गर्नुभयो ।

प्रशिक्षार्थी श्रीजना सुवालले तालिमबाट कृत्रिम बौद्धिकतासम्बन्धी नयाँ ज्ञान हासिल भएको तथा दैनिक कार्यसम्पादनलाई अझ सहज, छिटो र प्रभावकारी बनाउन एआइ उपयोगी रहेको बताउनुभयो । अर्का प्रशिक्षार्थी तुल्सीराम ग्वाछ्राले आगामी दिनमा यस्ता थप व्यावहारिक तथा सीपमूलक तालिमहरूको आवश्यकता रहेको धारणा राख्नुभयो । संस्थाका अध्यक्ष माकले प्रमाणपत्र वितरण गर्नुभएको थियो ।

सूचना तथा सञ्चार प्रविधिको तीव्र विकाससँगै कृत्रिम बौद्धिकताको प्रयोग र महत्त्व बढ्दै गएको वर्तमान सन्दर्भमा संस्थाका सदस्य, कर्मचारी तथा सरोकारवालाहरूलाई नवीन प्रविधिसँग परिचित गराउने उद्देश्यले तालिम सञ्चालन गरिएको आयोजक समितिले जनाएको छ । कार्यक्रममा इन्द्रप्रसाद पक्का र जीवन सुवालले पनि बोल्नुभएको थियो ।

# कोटेश्वर र जडीबुटीमा यात्रुलाई सास्ती दिने १० पक्राउ

काठमाडौँ, ८ असार । ट्राफिक प्रहरीले काठमाडौँ उपत्यकाबाट बाहिरिने यात्रुलाई अनावश्यक दु:ख तथा हैरानी दिएको आरोपमा १० जनालाई पक्राउ गरेको छ ।

काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयबाट खटिएको टोलीले कोटेश्वर र जडिबुटी क्षेत्रमा सञ्चालित बस काउन्टरका कर्मचारी, चालक तथा सहचालकले यात्रुलाई अनावश्यक दु:ख हैरानी दिएको आरोपमा आज १० जनालाई पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा धनुषाका ४० वर्षीय सूर्यबहादुर देवकोटा, दोलखाका ३२ वर्षीय प्रकाश शिवाकोटी, भक्तपुरका ५५ वर्षीय हरिभजन थापा, दोलखाका ३८ वर्षीय डिल्लीप्रसाद लामिछाने, सिन्धुपाल्चोकका २८ वर्षीय सुरेश तामाङ रहेको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

त्यस्तै सिन्धुलीका २७ वर्षीय तिलककुमार थापा, दोलखाका २६ वर्षीय खड्कबहादुर तामाङ, सिन्धुलीका ३६ वर्षीय डोरकुमार श्रेष्ठ, ओखलढुङ्गाका ४५ वर्षीय नन्दलाल बुढाथोकी र सिन्धुपाल्चोकका ३६ वर्षीय राजेश सापकोटालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

यात्रु तानातान गर्ने र झोला खोस्ने जस्ता अमर्यादित कार्य गरिरहेकाले उनीहरूलाई पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउ परेका सबैलाई आवश्यक अनुसन्धान तथा थप कानुनी कारबाहीका लागि जिल्ला प्रहरी परिसर काठमाडौँ पठाइएको प्रवक्ता सुवेदीले बताउनुभयो । ***(रासस)***

***जाँचबुझ...***

थियो । तर, कसले आदेश दियो, कसले चलायो मैले देखिनँ । गोली चलेपछि घाइते बोक्न एपीएफको एउटा एम्बुलेन्स पनि आएको थियो । तर, प्रदर्शनकारीले त्यसमा पनि आगो लगाए ।

**नं २० गण हेक्वा (विपद उद्धार) सिनामङ्गलमा कार्यरत सशस्त्र प्रहरी जवान सुबिना लामा :**

भदौ २३ गते बिहानैदेखि हामी बानेश्वरस्थित एभरेस्ट होटल अगाडि थियौँ । प्रदर्शनकारीहरूको भिड माइतीघर मण्डलाबाट बानेश्वरतर्फ आइरहेको थियो । सुरूमा भिड थोरै थियो, पछि बढ्दै गयो । भिडले AP को टोलीलाई पनि ढुङ्गामुढा गरे । भिड नियन्त्रण गर्न APF को टोलीले पनि सामान्य लाठीचार्ज गऱ्यो । भिडले प्रहरीलाई ढुङ्गा हान्दै, पेल्दै संसद् भवनसम्म पुऱ्याए । त्यसपछि संसद् भवनको गेटमा तोडफोड गरे । त्यसपछि आदेशानुसार फायर भयो र मान्छे पनि मारिए ।

२०८२ भदौ २४ गते पनि म बिहानै बानेश्वर चोकमा खटिएको थिएँ । सुरूमा सानो सानो भिडले चारैतिरबाट प्रहरीमाथि ढुङ्गा, सिसाको बोतल हान्दै गरे ।

आन्दोलनकारीले सुरूमै संसद् भवनमा तोडफोड गरी आगो लगाए । आन्दोलनकारीले भवन जलाएपछि प्रहरीलाई फेरि खेद्दै ढुङ्गा हान्न थाले । हाम्रो मिनभवनमा रहेको बेश पनि तोडफोड गरे । हातहतियार लुटेर जलाइदिए । भिड थाम्नै नसक्ने भएपछि हाम्रो टोली पछि हट्दै सिंहदरबारको आर्मी व्यारेकभित्र गएर बस्यो ।

**राष्ट्रिय अनुसन्धान विभागका तत्कालीन प्रमुख हुतराज थापा :**

राष्ट्रिय अनुसन्धान विभाग मुलुकको एकमात्र इन्टेलिजेन्स संस्था हो । राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालयअन्तर्गत रहे तापनि मुलुकको दैनिक शान्ति सुरक्षा कायम गर्ने विषयसँग सम्बन्धित सूचनाबारे गृहमन्त्रालयमा प्रत्येक दिन प्रतिवेदन बुझाउने गरिएको थियो । यसैगरी सम्माननीय प्रधानमन्त्रीज्यू र श्रीमान् मुख्यसचिवज्यूलाई खामबन्दी जाहेरी दैनिक पठाउने गरिएको थियो ।

सेप्टेम्बर ६ देखि नै रेडिट र टिकटकमा नेपो बेबी तथा नेपो किडको अभियान सञ्चालन गरी संसद् भवनअगाडि सडकमा उत्रन आव्हान गरिएको थियो । Content creators / digital influencer हरूले आफ्ना followers लाई आन्दोलनमा सहभागी हुन उक्साउने सम्भावनासँगै चुनौती देखिएको आकलन गरिएको थियो ।

भदौ २३ गतेको प्रदर्शनमा करिब ३५ भन्दा बढी व्यक्ति तथा समूहले ऐक्यबद्धता जनाएका थिए भने विभिन्न कलाकार, टिकटक, युट्युब कन्टेन्ट क्रियटरहरूको समेत सहभागिता रहने जनाइएको थियो । यसका अलावा आफ्नो स्वार्थ पूरा गर्न उद्यत व्यक्ति, समूह र पार्टीहरूको समेत सहयोग र समर्थन रहेको थियो । वास्तविक जेनजेडको सङ्ख्या ३५००-५००० रहे तापनि ऐक्यबद्धता तथा स्वार्थ समूहको उपस्थितिले प्रदर्शनमा १०-१५ हजारसम्म सहभागी रहने आकलन गरिएको थियो । भदौ २३-२४ का घटनामा सामाजिक सञ्जालमार्फत जारी सङ्केतहरूको ट्र्याकिङ, स्रोत प्रमाणीकरण र पूर्वानुमान गर्न विभाग सफल हुन सकेन । हालसम्म विभागमा Cyber Unit समेत स्थापना भएको छैन ।

भदौ २३ गते पूर्व नै सामाजिक सञ्जालमा संसद् भवन, सिंहदरबारलगायत सार्वजनिक संरचना जलाइएको वा विध्वंस गरिएको AI-generated फोटो/भिडियोहरू पोस्ट गरिएका विषयमा विभागलाई पूर्व जानकारी थियो । तर, भदौ २३ गतेको घटनापश्चात् Netakhor.vercel.app मा शीर्ष नेताहरूको घर म्यापिङ गरी आक्रमणको योजना बनाएको बारेमा जानकारी थिएन ।

भदौ २३ गतेको प्रदर्शनपश्चात् सोही दिन साँझ सम्माननीय प्रधानमन्त्रीको समुपस्थितिमा गृहसचिव, सुरक्षा निकायको प्रमुखसहितको सुरक्षा बैठक बसेको थियो । गृहमन्त्रीज्यूले राजीनामा दिइसकेको अवस्था थियो । बैठकमा सुरक्षा निकायका प्रमुखहरूबाट दिनभरि भएको घटनाक्रमको विषयमा आ-आफ्नो जिम्मेवारी क्षेत्रअनुरूप विस्तृत रूपमा रिपोर्टिङ गर्ने कार्य भएको थियो । सुरक्षा अवस्था थप संवेदनशील हुने विषयमा जानकारी गराइएको थियो ।

भदौ २४ गते बिहान ०७:३० बजे सबै सुरक्षा निकायका प्रमुखहरू गृहसचिवको कार्यकक्षमा भेला भई सुरक्षा वस्तुस्थितिको विषयमा छलफल गरेपछि गृहसचिवको नेतृत्वमा हामी सबै प्रधानमन्त्री निवास बालुवाटार गएका थियौँ । घटनाका विषयमा सम्माननीय प्रधानमन्त्रीलाई जानकारी गराउने क्रममा प्रमले केही पक्षले आफ्नो राजीनामा माग गरेको, राजीनामा संविधान र कानुनसम्मत हुनुपर्ने साथै घटनाको विषयलाई लिएर सर्वदलीय बैठक आव्हान गरिएको जानकारी दिनुभएको थियो ।

***धेरै...***

गाउँमा भन्दा बढी सहरमा, देशमा भन्दा बढी विदेशमा र धनीभन्दा बढी गरिब महिलाहरू बर्सेनि मानसिक रोगको सिकार हुने गरेको तथ्याङ्कहरू पेस गर्नुभयो ।

आयोजक समितिको तर्फबाट बोल्दै नेक्रामसङ्घका अध्यक्ष अनुराधा थापामगरले नेतृ प्रधानले आफ्नो युगको लागि मात्र नभई आउँदो युगका लागि पनि समर्पित जीवन बाँच्नुभएको विचार राख्नुभयो ।

एक महिला घरको चुलोचौकोमा मात्र सीमित नभई आमूल परिवर्तनका लागि सङ्घर्षशील हुन सक्ने एक उदाहरणको रूपमा नेतृ प्रधान सदा स्मरणीय रहने उहाँले बताउनुभयो ।

सभामा आयोजक समितिकी सदस्य पवित्रा शाहीले स्वागत मन्तव्य राख्नुभएको थियो भने सञ्चालन गङ्गा वैद्यले गर्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# तराईमा तातो हावा र पहाडमा वर्षाको सम्भावना

काठमाडौँ, ८ असार । जल तथा मौसम विज्ञान विभागले सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराईका केही क्षेत्रमा तातो हावा (हिटवेभ) चल्ने सम्भावना रहेको जनाएको छ । विभागले सार्वजनिक गरेको दैनिक मौसम पूर्वानुमानअनुसार गण्डकी र बागमती प्रदेशका तराई भूभागमा भने तापमान बृद्धिको अनुमान गरिएको छ । देशका विभिन्न पहाडी र हिमाली जिल्लामा भने मेघगर्जन र चट्याङसहित वर्षाको सम्भावना रछ । पोखरा, काठमाडौँ, ओखलढुङ्गा, धनकुटा, विराटनगर, धरान, जिरी र ताप्लेजुङलगायतका क्षेत्रमा मध्यम वर्षा हुन सक्ने पूर्वानुमान छ ।

विभागका अनुसार, काठमाडौँ उपत्यकामा सोमबार दिउँसो तथा राति मेघगर्जन र चट्याङसहित मध्यम वर्षाको सम्भावना ४० प्रतिशत रहेको छ । उपत्यकाको अधिकतम तापक्रम २९ देखि ३१ डिग्री सेल्सियस तथा न्यूनतम तापक्रम १९ देखि २१ डिग्री सेल्सियस रहने अनुमान छ ।

यता धनगढीमा ३८ देखि ४० र नेपालगञ्जमा ३९ देखि ४१ डिग्री सेल्सियससम्म पुग्न सक्ने पूर्वानुमान गरिएको छ । वीरगञ्ज, भैरहवा र घोराहीमा गर्मी र चर्को घाम रहने छ । विभागले तातो लहरको प्रभाव पर्ने क्षेत्रमा अत्यावश्यक कामबाहेक दिउँसो घाममा धेरै समय नबस्न र प्रशस्त पानी पिउन तथा जन स्वास्थ्य सुरक्षाका उपाय अपनाउन आग्रह गरेको छ । ***(रासस)***

# दुई टिपरमा च्यापिएर युवकको मृत्यु

काभ्रेपलाञ्चोक, ८ असार । मण्डनदेउपुर नगरपालिका-१२ ठुलीबेँसीस्थित इन्द्रावती नदीको बेतिनी बगरमा गए राति दुई वटा टिपरले च्यापिँदा बालुवा लोड गर्न प्रयोग हुने उपकरण जेसिबीका सहचालकको मृत्यु भएको छ ।

पाँचखाल नपा-८ होक्से घर भएका सहचालक १९ वर्षीय देवेन्द्र तामाङको बा४ख ९८२५ नम्बरको टिपरमा बालुवा लोड गरी ब्याक गर्ने क्रममा सोही स्थानमा रोकी राखेको बा४ख ९९०९ नंको टिपरको बिचमा च्यापिएर मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रवीन विष्टले जानकारी दिनुभयो । उहाँका अनुसार घटनापछि एक जना टिपरका चालक फरार छन् भने अर्का चालक प्रहरी नियन्त्रणमा छन् । घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको विष्टले बताउनुभयो । ***(रासस)***

# अत्यधिक गर्मी बढेपछि लमहीका विद्यालय चार दिन बिदा

घोराही (दाङ), ८ असार । लमही नगरपालिकाले पछिल्लो समय अत्यधिक गर्मी बढेपछि नगरभित्रका सामुदायिक तथा संस्थागत विद्यालयमा चारदिन गर्मी बिदा दिने निर्णय गरेको छ । नगर शिक्षा समितिको निर्णयअनुसार विद्यालयहरूमा असार ९ गतेदेखि १२ गतेसम्म बिदा दिइएको हो ।

हालको उच्च तापक्रम र बढ्दो गर्मीका कारण विद्यार्थीहरूको स्वास्थ्यमा प्रतिकूल असर पर्नसक्ने अवस्थालाई मध्यनजर गर्दै उक्त निर्णय गरिएको नगरपालिकाले जनाएको छ । लमही नगरपालिकाको शिक्षा शाखाले जारी गरेको सूचनामा वार्षिक बिदाबाट कट्टा हुने गरी गर्मी बिदा दिने निर्णय गरिएको उल्लेख छ । साथै सम्बन्धित सबै विद्यालयलाई सोही अनुसार जानकारी गराइएको सूचनामा उल्लेख छ । ***(रासस)***

**हार्दिक समवेदना**



जन्म
२०४९/०८/११

निधन
२०८३/०३/०३

यस संस्थाका सञ्चालक समितिका सदस्य सचिता वनमालाकी श्रीमान् तथा यस संस्थाका सदस्यता नं. ३०३ का सदस्य **रोशन गाईजु**को असामयिक निधन भएको आज सातौँ दिन (न्हेनुमा) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**शरद बचत तथा ऋण सहकारी संस्था लि.**
जगाती, भक्तपुर

**हार्दिक समवेदना**



जन्म : २००१/०४/०५
निधन: २०८३/०३/०६

यस ल डे समूहका उपाध्यक्ष एवं अधिवक्ता शिवराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौँ ।

| | | |
|---|---|---|
| विकल प्रजापति | सुन्दर राजचल | प्रकाश थुसा |
| लक्ष्मीप्रसाद प्रजापति | बाबुकाजी गाईजु | राजु प्रजापति |
| पुरुषोत्तम ग्वाछा | सुनिल मगजु | रविन बोहजु |
| न्हुछेराम सिबंजार | बुद्धिराम कोजु | राजेन्द्र सुवाल |
| हरिकृष्ण दुवाल | लक्ष्मीप्रसाद दुवाल | |

**ल डे (कानुन दिवस) समूह**
भक्तपुर



**घट्टमा पिठो पिस्दै महिला :** अछामको मेल्लेख गाउँपालिका-२ ऋषिदहका महिला पानीघट्टमा पिठो पिस्दै । पछिल्लो समय अछाम जिल्लामा परम्परागत पानी घट्टहरू लोप हुँदै गएको छ । तस्बिर: सुशील भण्डारी/रासस

# एफएटीएफको नेपाल अझै खैरो सूचीमा कायमै, थप सुधार आवश्यक

काठमाडौँ, ८ असार । सम्पत्ति शुद्धीकरण मामिलाको निगरानी गर्ने अन्तर्राष्ट्रिय निकाय 'वित्तीय कारबाही कार्यदल' (फाइनान्सियल एक्सन टास्कफोर्स (एफएटिएफ) ले नेपाललाई अझै निगरानी सूची अर्थात् 'ग्रे लिस्ट' मा नै रहेको जनाएको छ ।

नेपालले सुधारका प्रयास जारी राखे पनि अझै अपर्याप्त रहेको र थप सुधार आवश्यक रहेको एफएटिएफले जनाएको छ । एफएटिएफले यही असार ५ गते अर्थात् (१९ जुन) मा सोसम्बन्धी निर्णय भएको उल्लेख गरेको छ ।

एफएटिएफले आफ्ना कमजोरी सम्बोधन गर्ने गरी कार्ययोजना तयार पारी गर्नुपर्ने कार्यान्वयनलाई निरन्तरता दिन नेपाललाई आवश्यक सुझावसमेत दिएको छ । उसले सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी वित्त पोषणसम्बन्धी प्रमुख जोखिमको बुझाइलाई अझ सुदृढ बनाउन सुझाव दिएको छ ।

सुधारका लागि केही कदम चालेको भए पनि नेपालले रणनीतिक सुधारका प्रयास थाल्नुपर्ने तथा स्पष्ट कार्ययोजना बनाएर कार्यान्वयनमा लैजानुपर्ने आवश्यकतामा जोड दिँदै एफटिएफले सम्पत्ति शुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा हुने लगानीको जोखिमबारे स्पष्ट बुझाइ आवश्यक रहेको उल्लेख गरेको छ ।

वाणिज्य बैङ्क, उच्च जोखिम भएका सहकारी संस्था, क्यासिनो, बहुमूल्य धातु तथा पत्थर व्यवसायी, घरजग्गा कारोबारलगायतका क्षेत्रको जोखिममा आधारित निरीक्षण गरी सुधारका उपाय अवलम्बन गर्नसमेत सुझाव दिइएको छ । हुण्डीलगायत गैरकानुनी कारोबारको पहिचान र रोकथाम गर्न, सम्पत्ति शुद्धीकरण मामिला हेर्ने निकायको क्षमता अभिवृद्धि गर्न तथा यसको अनुसन्धान र अभियोजन प्रक्रियालाई थप चुस्त बनाउन सुझाव दिएको छ ।

वित्तीय समावेशीकरणमा बाधा नपुऱ्याइ, अवैध मुद्रा तथा मूल्य हस्तान्तरण सेवा तथा हुण्डी कारोबार सञ्चालन गर्ने महत्त्वपूर्ण सेवा प्रदायकको पहिचान गरी उनीहरूलाई कानुनी कारबाही तथा सजाय गर्नुपर्नेमा जोड दिइएको छ ।

सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान गर्ने निकायको क्षमता र आपसी समन्वय अभिवृद्धि गर्ने, सम्पत्ति शुद्धीकरणसम्बन्धी अनुसन्धान तथा अभियोजनको सङ्ख्या र प्रभावकारिता बढेको प्रमाणित गर्नुपर्नेछ । जोखिमको प्रकृतिअनुसार अपराधबाट प्राप्त आय तथा अपराधमा प्रयोग भएका साधनको पहिचान, खोजी, रोक्का, जफत तथा आवश्यकताअनुसार राज्यको स्वामित्वमा ल्याउने कार्य प्रभावकारी रूपमा गर्नुपर्ने र कार्ययोजनाअन्तर्गत रहेका रणनीतिक कमजोरी हटाइ आफ्नो प्रणालीलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप थप प्रभावकारी बनाउनुपर्नेछ ।

यसअघि सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनको परिपालनामा चुक्दा नेपाल विसं २०८१ फागुनमा खैरौ सूचीमा राखेको थियो । त्यसलगतै नेपालले एफएटिएफ र एसिया प्यासिफिक ग्रुप (एपिजी) सँग आफ्नो सम्पत्ति शुद्धीकरण निवारण प्रणालीको प्रभावकारिता बलियो बनाउन उच्चस्तरीय राजनीतिक प्रतिबद्धता जनाएको थियो ।

यसअघि नेपाल सन् २०१४ मा खैरो सूचीबाट बाहिर निस्किएको थियो । त्यसबेला नियामकीय सुधार गर्ने स्पष्ट मार्गचित्र तयार पारी कार्यान्वयनमा ल्याएपछि एफटिएफको प्रत्यक्ष निगरानी हटाइएको थियो । ***(रासस)***

# दुर्लभ कुसुण्डा जातिलगायतका संस्कृति संरक्षणमा जोड

नेपालगन्ज (बाँके), ८ असार । लुम्बिनी प्रदेशमा रहेका थारू, कुसुन्डा, अवधी र मुस्लिम संस्कृतिको संरक्षणसम्बन्धी गोष्ठी कोहलपुरमा सम्पन्न भएको छ ।

नेपाल संस्कृत विश्वविद्यालय सांस्कृतिक अध्ययन केन्द्रको आयोजना र हाम्रो पूर्णिमा साहित्य प्रतिष्ठान कोहलपुरको सहकार्यमा लुम्बिनी आइतबार प्रदेशस्तरीय सांस्कृतिक गोष्ठी भएको हो । सो अवसरमा नेपाल संस्कृत विश्वविद्यालयका उपकुलपति प्रा डा. सुदनकुमार पौडेलले हाम्रा संस्कृति राष्ट्रका अमूल्य निधि भएकाले तिनको संरक्षण र प्रवर्द्धनका लागि यस्ता कार्यक्रम महत्त्वपूर्ण हुने बताउनुभयो । उहाँले प्राचीन संस्कृतिलाई नवीन प्रविधिको उपयोगबाट प्रचार र संरक्षण गर्न सकिने सम्भावना औँल्याउनुभयो ।

'थारू जातिका धार्मिक तथा सांस्कृतिक अनुष्ठानमा प्रकृति र पर्यावरणीय चेतना' शीर्षकमा महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. राजकुमार थारूले प्रस्तुत गरेको पहिलो अवधारणपत्रमा पूर्वमन्त्री तथा थारू संस्कृतिका अध्यता डा. गोपाल दहितले टिप्पणी गर्नुभयो ।

प्रकृति पूजक थारू जातिका प्राय: सबै अनुष्ठानमा प्रकृतिलाई सम्मान गरिने निचोड रहेको उहाँको भनाइ थियो । अर्का अध्येता उदयराज आलेले विश्वकै दुर्लभ 'कुसुन्डाको परम्परागत संस्कृति'मा कार्यपत्र प्रस्तुत गर्नुभयो ।

उक्त कार्यपत्रमाथि मध्यपश्चिम विश्वविद्यालय, वागेश्वरी बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. पुष्कर रिजालले टिप्पणी गर्नुभएको थियो । वनराजाका रूपमा चिनिने कुसुन्डा जाति ग्रामीण जीवनशैलीमा बस्न थालेसँगै उनीहरूको मौलिक संस्कृति हराउनु दुःखद् विषय रहेको उल्लेख गर्दै डा. रिजालले कुसुन्डा भाषाका मातृभाषी वक्ता एक जनामात्रै रहनु चिन्ताको विषय रहेको बताउनुभयो ।

अवधी संस्कृतिका अध्येता जगतराम यादवले 'अवधी लोकसाहित्यमा लोकगाथा चनैनी' शीर्षकको तेस्रो अवधारणापत्र प्रस्तुत गर्नुभयो । उक्त गोष्ठीमा लोकसंस्कृतिका अध्येता डा. गोविन्द आचार्यले ढाँचागत केही कसर रहे पनि यसले अवधी लोकगाथालाई चिनाउन मद्दत गर्ने टिप्पणी गर्नुभएको थियो ।

मुस्लिम संस्कृतिका आरिफ खानले तयार गरेको 'मोहर्रम' माथि महेन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक डा. हरिप्रसाद तिमिल्सिनाले टिप्पणी गर्नुभयो । खानको पत्रले मुस्लिम संस्कृतिका धेरै पक्षहरू छुटाएको भन्दै तिमिल्सिनाले नेपालगन्ज उर्दू साहित्य र संस्कृतिमा धनी भएको जानकारी दिनुभयो । यस प्रदेशमा रहेका थारू, कुसुन्डा, अवधी र मुस्लिम संस्कृतिको संरक्षणसम्बन्धी गोष्ठीमा फरकफरक अवधारणपत्र प्रस्तुत भएका थिए ।

नेपाल संस्कृत विश्वविद्यालयका कुलसचिव प्रा माधव अधिकारी, लुम्बिनी प्राविधिक विश्वविद्यालयका कुलसचिव रेगबहादुर भण्डारी, साहित्ययकार प्रा डा. कृष्णप्रसाद घिमिरे, वरिष्ठ साहित्यकार सनत रेग्मी, वागेश्वरी बहुमुखी क्याम्पसका प्रमुख दानबहादुर हमाल, खजुरा प्रज्ञा प्रतिष्ठानका उपकुलपति डा. इन्द्र भण्डारी, कोहलपुर वाङ्मय प्रतिष्ठानकी कावाअध्यक्ष सुमित्रा न्यौपानेलगायतले आफ्नो धारणा राखेका थिए । ***(रासस)***

# ट्राफिक कारबाही: चौबिस घण्टामा १० लाख ५३ हजार ५१० राजस्व दाखिला

काठमाडौँ, ८ असार । काठमाडौँ उपत्यकामा पछिल्लो २४ घण्टामा दुई हजार ७६ सवारीचालक सवारी नियम उल्लङ्घनको कारबाहीमा परेका छन् ।

यसबाट राज्यकोषमा रु. १० लाख ५३ हजार ५१० राजस्व दाखिला भएको काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कारबाहीमा पर्नेमा मादक पदार्थ सेवनतर्फ ८८ जना, नियम विपरीत 'राइड सेयरिङ' ९३, सङ्केत बत्ती उल्लङ्घनकर्ता ११७ र तीव्र गतिमा सवारीसँधन हुइँक्याएका २२८ जनालाई कारबाही गरिएको उपत्यका ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेशराज सुवेदीले जानकारी दिनुभयो ।

उहाँका अनुसार 'लेन' अनुशासन पालना नगर्ने १२९, निषेधित क्षेत्रमा हर्न बजाउने ५७, सडक पेटीमा सवारीसाधन पार्किङ गर्ने ९०, एकतर्फी कायम गरिएको सडक उल्लङ्घन गर्ने ८८ र अन्य सवारी नियम पालना गर्ने एक हजार १८६ सवारी चालक रहेका छन् । ***(रासस)***

। सम्पादकीय ।

# बजेट गरिब या शोषित पीडित जनताको पक्षमा नरहेको

आर्थिक वर्ष ०८३/०८४ को लागि सरकारले २१ खर्ब २४ अर्ब ३४ करोड बजेट ल्याएको छ। बजेट सार्वजनिक गर्ने क्रममा अर्थमन्त्री स्वर्णिमा वाग्लेले यो बजेट मध्यमवर्गको पक्षमा ल्याएको उद्घोष गरे। अर्थमन्त्री वाग्लेकै भनाइमा मध्यमवर्गको निम्ति ल्याइएको यो बजेट गरिब या शोषित पीडित जनताको पक्षमा नरहेको थाहा हुन्छ। राष्ट्रिय तथ्याङ्कअनुसार नेपालमा २०.२७ प्रतिशत नेपाली जनता अझै गरिबीको रेखामुनि छन्। गरिबीको रेखामुनि रहेको जनताको पक्षमा यो बजेट नरहेको सत्तारुढ दल रास्वपाले नै स्वीकारेको छ। गरिब तथा न्यून आय भएका गरिब जनताको पक्षमा बजेट तयार नगर्ने सत्तारुढ दल रास्वपा गरिब जनताको पक्षमा नरहेको थाहा हुन्छ।

सरकारले प्राथमिकता दिनुपर्ने काम श्रमजीवी गरिब जनताको निम्ति हो। काम नपाएका, खेतीपाती नपुगेका, व्यापार व्यवसाय नभएका, जागिर नपाएका, काम भएर पनि खान नपुगेका, जसोजसो जीवन बिताउन बाध्य भएका जनताको निम्ति सरकारले हेर्नुपर्ने हो। उनीहरूको निम्ति सरकारले आवश्यक बन्दोबस्त गर्नुपर्ने हो। रोजीरोटीको व्यवस्था गरेर जीवन सुनिश्चित बनाउनुपर्ने हो। जुन वर्गको निम्ति बजेट तयार गर्नुपर्ने हो त्यो वर्गको पक्षमा बजेट तयार नगरी पुँजीपति, शोषक र सामन्तवर्गको सेवामा बजेट तयार गऱ्यो। सरकारले स्वदेशमै काम मामको व्यवस्था गर्न र गराउन उद्योग, कलकारखाना खोलेर जनताका आधारभूत आवश्यकता पूर्ति गर्नुपर्ने हो। सबै ठाउँमा विकासको लहर पुऱ्याउन सन्तुलित विकास गर्ने अवधारणा तयार गर्नुपर्ने हो। सरकारले देशमा बढीभन्दा बदी उत्पादन गरेर आयात कम गरी निर्यात बढाउनेतर्फ केन्द्रित बजेट ल्याउनुपर्ने हो। निर्यात कम आयात बढी भएपछि देशको आम्दानी बिदेसिन्छ। देशको सम्पत्ति बिदेसिएपछि अर्थतन्त्र कमजोर हुन्छ। उत्पादन घट्नुको अर्थ आम्दानी कम हुनु हो; खाद्यान्न कम हुनु हो। खाद्यान्न या उत्पादन घटेपछि आयात स्वाभाविक रूपमा बढ्छ। यसले जनताको जीवनस्तर घट्छ। देश गरिबको गरिब हुनेछ। असार ८ गते 'अन्नपूर्ण' पोस्टले लेख्यो, ! बजेट : 'धनीलाई पोस्ने, गरिबलाई सोस्ने !'

अनावश्यक सरकारी संस्था घटाएर देशको आयस्रोत जोगाउन लागिपरेको सरकारले मध्यमवर्ग र उच्चवर्ग लक्षित बजेट ल्याएर धनीलाई झन् धनी बनाउने काम गरेको छ। यसको आधारमा यो सरकार पनि पुँजीपतिवर्गको पक्षमा रहेको छ भन्ने ज्ञात हुन्छ। संवैधानिक समाजवादको नारा फलाक्ने वर्तमान रास्वपाको सरकार काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिर लागेको आभास हुन्छ। २१ लाखभन्दा बढी नेपाली स्वदेशमा अवसर नपाएर विदेश धाउँदै छन्। विदेश पलायन रोक्नेतर्फ बजेट केन्द्रित छैन। नेकाको प्रजातान्त्रिक समाजवाद र कम्युनिस्ट पार्टीको वैज्ञानिक समाजवादको नारा घन्किरहेको बेला रास्वपाले संवैधानिक समाजवादको दृष्टिकोण अगाडि सारेको छ। सङ्घर्ष नगरी ल्याउने संवैधानिक समाजवाद कस्तो हुन्छ भन्ने कुरा रास्वपाले स्पष्ट पारेको छैन।

परिवर्तन भनेको सरकार फेर्नु मात्र होइन; दृष्टिकोण या दिशा नै फेरिनु हो। नयाँ दिशा तयार गर्ने काम पुँजीवादी व्यवस्थाले गर्न सक्दैन। पुँजीवादी संसदीय व्यवस्थामार्फत देशमा आमूल परिवर्तन सम्भव छैन। बिनासङ्घर्ष देशमा साँचो समाजवाद स्थापना हुँदैन। रास्वपाको 'संवैधानिक समाजवाद' कस्तो ? सबै प्रस्ट छैन। 'संवैधानिक समाजवाद' को अवधारणाअनुसार के यो सरकारले सरकारी नीति तथा कार्यक्रम ल्याएको हो ? नीति तथा कार्यक्रममा 'संवैधानिक समाजवाद' को के गन्ध छ ? 'संवैधानिक समाजवाद' को बाटो कोर्न के यो सरकारले संविधान संशोधन गर्छ ? के 'संवैधानिक समाजवाद' भनेको सङ्घर्ष नगरी समाजवाद ल्याउनु हो ? सङ्घर्ष नै नगरी ल्याउने संवैधानिक समाजवाद कुन वर्गको पक्षमा हुन्छ ? उहीँ मध्यमवर्ग र उच्चवर्गको हितमा हुने हो भने संवैधानिक समाजवादको परिकल्पना किन गर्नुपऱ्यो ? नेकाले झैँ प्रजातान्त्रिक समाजवादको विचार नै अघि सारे भइहाल्छ नि ! नेपाली जनतामात्र होइन राजनीतिक कार्यकर्ता पनि 'संवैधानिक समाजवाद' कस्तो समाजवाद हो र कुन वर्ग लक्षित छ भन्नेतर्फ अन्योल नै छन्।

# एसिया-प्रशान्त क्षेत्रमा सन्तुलन कायम गर्न सघाउँदै चीन

✍ माया माजुएरा

एसिया-प्रशान्तको भूराजनीति सूक्ष्म तर परिणामात्मक परिवर्तनबाट गुज्रिरहेको छ। कुनै बेला सहयोगलाई पश्चिमा नेतृत्वको नियम, मान्यता र सुरक्षा पङ्क्तिबद्धताद्वारा परिभाषित गरिएकोमा अहिले चीनले सहयोगलाई सार्वजनिक सेवा प्रदान गर्ने मूर्त मोडेलको रूपमा अगाडि बढाइरहेको छ। भूराजनीतिक परिवर्तनसँगै सहयोगको शैलीमा पनि तीव्र परिवर्तन भएको छ।

यस परिवर्तनको केन्द्रमा क्षेत्रीय प्रभावको भूमिका छ। स्थापित सिद्धान्तबाट वैधता प्राप्त गर्दै परम्परागत पश्चिमी दृष्टिकोण विशेष गरी नियम, मापदण्ड, अप्रत्यक्ष शासन र सुरक्षा गठबन्धनमा केन्द्रित थियो। यसविपरीत चीनले नेतृत्वको थप कार्यमुखी मोडेललाई अगाडि बढाइरहेको छ, जहाँ पूर्वाधार निर्माण, वित्तपोषण परिचालन र दृश्यात्मक आर्थिक लाभलाई जोड दिइन्छ। यस ढाँचामा एसिया-प्रशान्त सहयोग नियम बनाएर मात्र होइन, बरू समाधान कार्यान्वयन गर्ने क्षमताद्वारा परिभाषित गरिएको छ।

पूर्वाधार, वित्तपोषण, डिजिटल कनेक्टिभिटी र वास्तविक अर्थतन्त्रलाई प्राथमिकता दिएर चीनले सहयोगका सर्त र नेतृत्व दुवैलाई पुन:परिभाषित गरिरहेको छ। क्षेत्रीय सहयोग दसकौँदेखि व्यापार, शासन र सुरक्षालाई नियन्त्रित गर्ने ढाँचा वरपर व्यवस्थित गरिएको छ। महत्त्वपूर्ण भए पनि यी ढाँचा विकासशील अर्थतन्त्रको दैनिक वास्तविकतासँग मेल नखाएको हुन सक्छ। तर, वास्तविकता यही हो। चीनको दृष्टिकोण व्यावहारिक प्रश्नमार्फत फरक तरिकाले सुरू हुन्छ, देशहरूलाई वास्तवमा के कुराको आवश्यकता छ ?

एसियाको धेरैजसो क्षेत्रमा चीनबारे साझा धारणा छ- सडक, रेलवे, बन्दरगाह, ऊर्जा प्रणाली र पुँजीमा पहुँच भएको शक्तिशाली अर्थतन्त्र भएको देश। यिनै आवश्यक विषयमा ध्यान केन्द्रित गरेर चीनले सहयोगलाई दृश्यात्मक र मापनयोग्य बनाएको छ। यात्रा समयावधिलाई घटाएर आधा (छिटो) बनाउने रेलवे सेवादेखि व्यापारको ढोका खुला गर्ने बन्दरगाह उनीहरूको दैनिक जीवनमा ठोस लाभ हो। यस परिवर्तनको केन्द्रमा पूर्वाधार रहेको छ। चीन-लाओस रेलवे, जकार्ता-बान्डुङ उच्च गतिको रेल सेवा र हम्बनटोटा अन्तर्राष्ट्रिय बन्दरगाहजस्ता परियोजना संयोजनकारी तन्तु हुन्, जसले एसिया प्रशान्त क्षेत्रलाई नजिकबाट जोड्छन्।

यातायात लागत घटाएर, अन्तरदेशीय क्षेत्रलाई विश्वव्यापी बजारमा खुला राखेर र औद्योगिक वृद्धिलाई तीव्र बनाएर चिनियाँ परियोजनाले आर्थिक भूगोललाई पुन: आकार दिइरहेका छन्। परम्परागत सहायताविपरीत पूर्वाधारले दृश्यात्मक, विश्वलाई वास्तविक लाभ प्रदान गर्छ। पूर्वाधार पुँजी गहन छ, यही पुँजीमा चीनको भूमिका निर्णायक हुन्छ। बेल्ट एन्ड रोड इनिसिएटिभ, यसका नीति, लगानी कोष र एसियाली पूर्वाधार लगानी बैङ्कमार्फत चीनले एसियाको लामो समयदेखिको वित्तीय खाडललाई सम्बोधन गर्न सहयोग गरेको छ। धेरै विकासशील देशले पर्याप्त र समयमै कोष सुरक्षित गर्न सङ्घर्ष गरेका छन्। चीनको वित्तीय सहयोग प्राय: छिटो र कम बोझिलो छ, जसले गर्दा चीन बढ्दो रूपमा आकर्षक साझेदार बनेको छ।

वित्तीय क्षेत्रमा उसको भूमिकाले चीनले परियोजना निर्माण मात्र गरिरहेको छैन, बरू क्षेत्रीय विकासका बृहत् प्रणालीलाई पनि आकार दिइरहेको छ भन्ने कुरा सुनिश्चित गर्छ। चीनको प्रभाव अब क्षेत्रीय आपूर्ति शृङ्खला र व्यापार सञ्जालमा गहिरो रूपमा जोडिएको छ, जसको केन्द्रमा बृहत् क्षेत्रीय आर्थिक साझेदारी रहेको छ।

कम विकसित देशसँग कूटनीतिक सम्बन्ध भएका देशलाई शून्य भन्सार नीति अवलम्बन गर्ने उसको निर्णयले यो सहयोग भाषणमा मात्र होइन, व्यवहारमा पनि लागू हुन्छ भन्ने देखाउँछ। चीनको सहयोग केवल कूटनीतिक मञ्चमा मात्र होइन, बरू प्रशान्त क्षेत्रका रसद केन्द्र र डिजिटल प्लाटफर्मसम्म विस्तार भएको छ। वास्तविक अर्थतन्त्रमा जरा गाडेको यो सहयोग स्वाभाविक रूपमा बढी लचिलो छ, किनकि आपूर्ति शृङ्खला राजनीतिक कथनभन्दा पृथक् हुन्छ।

चीनको दृष्टिकोणले अब खाद्य सुरक्षा, गरिबी न्यूनीकरण, हरित ऊर्जा र डिजिटल कनेक्टिभिटीलाई समेट्छ। यी क्षेत्रले मानिसको जीविकोपार्जनलाई प्रत्यक्ष रूपमा असर गर्छ। यसैबिच, यो स्वास्थ्य सेवा, जैविक प्रविधि र कृत्रिम बुद्धिमत्ताजस्ता अग्रणी क्षेत्रमा अगाडि बढिरहेको छ, जसले यस क्षेत्रको विकास र प्राविधिक मार्गलाई आकार दिने महत्वाकाङ्क्षालाई सङ्केत गर्छ।

भौतिक पूर्वाधारभन्दा बाहिर डिजिटल क्षेत्रमा चीनको प्रवेश उत्तिकै परिणामकारी हुँदै गइरहेको छ। डिजिटल सिल्क रोडमार्फत, चीनले प्रशान्त क्षेत्रभर ५ जी नेटवर्क, इ-कमर्स इकोसिस्टम, डिजिटल भुक्तानी र स्मार्ट सिटी विकासमा आफ्नो उपस्थिति विस्तार गरिरहेको छ। अझ महत्त्वपूर्ण यो विस्तार बढ्दो रूपमा उदीयमान क्षेत्रका मानकसँग जोडिएको छ। यी प्राविधिक क्षेत्रमात्र होइनन्, भविष्यको आर्थिक र राजनीतिक प्रभावको निर्माणरूपी ब्लक हुन्। डिजिटल प्रणाली दैनिक जीवनमा सम्मिलित हुँदै जाँदा तिनीहरूको मापदण्ड र वास्तुकलालाई आकार दिने क्षमता सडक वा बन्दरगाह निर्माणजत्तिकै महत्त्वपूर्ण हुनेछ, जसले चीनलाई क्षेत्रीय एकीकरणको डेटा-सञ्चालित तहको अग्रपङ्क्तिमा राख्नेछ।

समग्रमा हेर्दा यो प्रयासले एउटा ठूलो महत्त्वाकाङ्क्षालाई औँल्याउँछ, चीनले आफूलाई व्यापक विकास सामग्रीको प्रदायकका रूपमा स्थापित गरिरहेको छ। महत्त्वपूर्ण कुरा, चीनले विद्यमान क्षेत्रीय संरचनालाई भत्काएको छैन। बरू, तिनै संरचनामार्फत काम गरिरहेको छ।

पूर्वी एसिया शिखर सम्मेलन आसियान प्लस ३ जस्ता आसियान नेतृत्वको संयन्त्रलाई संलग्न गराएर चीनले दक्षिणपूर्वी एसियाली राष्ट्रको सङ्घलाई विस्थापित गर्नुको सट्टा यसको केन्द्रीयतालाई सुदृढ बनाउँछ। आरसीईपीजस्ता ढाँचा र एआईआईबीजस्ता संस्थामा चीनको सहभागिताले यस दृष्टिकोणलाई अझ पूरक बनाउँछ।

मूर्त सार्वजनिक वस्तु प्रदान गरेर चीनले यस क्षेत्र केन्द्रलाई पूर्वाधार, कनेक्टिभिटी र वास्तविक आर्थिक एकीकरणतर्फ बढाएको छ। एसिया-प्रशान्त सहयोगका लागि परिभाषित प्रश्न अब नियम कसले तय गर्ने होइन, बरू अरू निर्भर प्रणाली कसले बनाउने भन्ने हो।

**- चाइना डेलीबाट**

*(लेखक बेल्ट एन्ड रोड इनिसिएटिभ-श्रीलङ्काका संस्थापक निर्देशक हुन्।)*

# स्थानीय पाठ्यक्रम अध्यापनको लागि शिक्षकको व्यवस्था कहिले ?

जनताको राय सुझावअनुसार भक्तपुर नगरपालिकाले नयाँ आर्थिक वर्ष २०८३ र ८४ को बजेट निर्माणको क्रममा नीति तथा कार्यक्रम सार्वजनिक गर्नु स्वागतयोग्य नै छ। यही क्रममा शिक्षा क्षेत्रमा सबैभन्दा बढी अर्थात १७ वटा नीति तथा कार्यक्रम सार्वजनिक गरिएको छ। साथै स्थानीय पाठ्यक्रमलाई जीवन्त बनाउन नेपालभाषा र लिपिको प्रशिक्षण व्यवस्था गर्न खोज्नु सकारात्मक पक्ष नै हो।

नयाँ आर्थिक वर्ष २०८३/८४ को बजेट निर्माणको क्रममा नीति तथा कार्यक्रममा नगरपालिकाद्वारा सञ्चालित विभिन्न शैक्षिक संस्थाहरूमा समयको आवश्यकता र विद्यार्थीहरूको मागबमोजिम नयाँ नयाँ विषयहरू थप गर्नेदेखि लिएर विज्ञान तथा प्रविधि, इन्जिनियरिङ, वातावरण र पर्यावरण, संस्कृति-सम्पदा संरक्षण, अर्थतन्त्र, स्वास्थ्यलगायतका विषयमा अध्ययन अनुसन्धान, प्रकाशन, नवप्रवर्तनसँगै



पाठक पत्र

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना तथा नगरपालिकाद्वारा सञ्चालित कलेजहरूमा अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाको कार्यालय, वडा कार्यालय, कलेज, अस्पताल तथा नपाअन्तर्गतका संस्थाहरूमा इन्टर्नसीप र स्वयंसेवक भई कार्य गर्ने अवसर दिने उल्लेख गरिएको छ।

प्रस्तुत नीति तथा कार्यक्रमको बुँदा नं ६ मा भक्तपुर नगरपालिकाभित्र विभिन्न विषयहरूमा अध्ययन अनुसन्धान गर्ने अनुसन्धानकर्ता विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट प्रदान गरिँदै आएको अनुसन्धान वृत्तिलाई निरन्तरतासँगै राजनीतिशास्त्र, नेपालभाषा, संस्कृति, अर्थशास्त्र र दर्शनशास्त्र विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई स्नातक, स्नातकोत्तर, एमफिल र विद्यावारिधिसम्म छात्रवृत्ति प्रदान गर्ने उल्लेख गरिएको छ। यस वर्षदेखि अर्वान डिजाइन एन्ड कन्जरभेसन विषय लिई उच्च शिक्षा अध्ययन गर्ने विद्यार्थीहरूलाई पनि छात्रवृत्ति दिने उल्लेख गरिएको छ।

बुँदा नं ७ मा गरिब तथा जेहनदार विद्यार्थी र खेलकुदका विभिन्न विधाहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पदक प्राप्त गर्ने खेलाडी विद्यार्थीहरूलाई नगरपालिकाद्वारा सञ्चालित मावि तथा कलेजहरूमा छात्रवृत्तिको व्यवस्था गर्ने सँगै उल्लेख गरिएको छ।

शैक्षिक गुणस्तर वृद्धि गर्न हाजिरीजवाफ प्रतियोगिता, चित्रकला, वक्तृत्वकला, निबन्ध, वादविवादलगायतका अतिरिक्त गतिविधिहरू सञ्चालन तथा नगरभित्रका सामुदायिक विद्यालयहरूको भौतिक पूर्वाधार निर्माणमा सहयोग तथा विज्ञान, गणित तथा सामाजिक प्रयोगशालाहरू स्थापना गर्ने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ।

केन्द्र सरकारले गर्नुपर्ने शिक्षकहरूको लागि विभिन्न विषयहरूमा आवश्यक तालिम सञ्चालन भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। विद्यार्थी सङ्ख्याको आधारमा शिक्षक सङ्ख्या नपुगेका सामुदायिक विद्यालयहरूका लागि अनुदानको व्यवस्था र सामुदायिक तथा संस्थागत विद्यालयहरूमध्ये एसईई परीक्षा नतिजाको आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीहरूलाई सम्मान गर्ने उल्लेख गरिएको छ।

नीति तथा कार्यक्रमको बुँदा नं ११ मा विद्यालय तहदेखि नै सीपमूलक तथा व्यवसायिक तालिमहरू प्रदान गरी शिक्षालाई उत्पादन श्रमसँग जोड्न विद्यालयहरूमा सूचना प्रविधिको तालिम र विद्यालयलाई प्रविधिमैत्री बनाउन स्मार्टबोर्डहरूको व्यवस्था मिलाउने तथा पठन संस्कृतिको विकास गर्ने उद्देश्यले वडा वडामा रहेका पुस्तकालय, वाचनालय तथा सामुदायिक सिकाइ केन्द्रहरूलाई आवश्यक सहयोग गर्ने उल्लेख गरिएको छ। 'एक विद्यालय, एक सम्पदा सरसफाइ' कार्यक्रमलाई निरन्तरता दिँदै वडा-वडाका शिशु स्याहार केन्द्रको स्तरोन्नति गरी वडा नं. १० को निर्माणाधीन शिशुस्याहार केन्द्र सञ्चालनमा ल्याउने नीति तथा कार्यक्रममा रहेको छ।

नीति तथा कार्यक्रमको बुँदा नं. १५ मा स्थानीय पाठ्यक्रम अध्यापन गर्ने शिक्षकहरूलाई तालिमसँगै आवश्यक शिक्षण सामग्रीहरू उपलब्ध गराउने र नेपालभाषा तथा लिपि कक्षाको प्रशिक्षणको व्यवस्था मिलाइने उल्लेख गरिएको छ। ख्वप मेडिकल कलेज सञ्चालनको लागि भनपा १ सल्लाघारीस्थित १०८ रोपनी जग्गा उपलब्ध गर्न सम्बन्धित निकायमा पहल गर्ने र वडा-वडामा बालबालिकाका लागि गृहकार्य कक्षा सञ्चालनको लागि आवश्यक शिक्षकको व्यवस्था र शैक्षिक ऋण रकमको सीमा वृद्धिका साथै सोमा लाग्ने ब्याजको प्रतिशतलाई समय सापेक्ष बनाइने उल्लेख गरिएको छ।

यसरी समग्र शिक्षाक्षेत्रको विकास गर्ने उद्देश्य राखेको भक्तपुर नगरपालिकाले शिक्षाशास्त्र पढेर उत्पादन भएका सामुदायिक विद्यालयका स्थानीय दक्ष जनशक्ति शिक्षकलाई उचित तथा समय सुहाउँदो पारिश्रमिक भए नभएको अनुमगन गरी मूल्याङ्कन गर्न जरुरी छ।

वडा-वडामा बालबालिकाका लागि गृहकार्य कक्षा सञ्चालनको लागि आवश्यक शिक्षकको व्यवस्था गर्न सक्ने स्थानीय सरकारले विद्यालयमा दिनभर तथा अन्य अतिरिक्त समय दिने स्थानीय शिक्षकलाई स्थानीय पाठ्यक्रम अध्यापनका लागि संविधानले दिएको अधिकार प्रयोग गरी स्थानीय पाठ्यक्रम शिक्षकको रूपमा नियुक्ति दिन पहल गर्नु स्थानीय सरकारको जिम्मेवारी हो। साथै स्थानीय शिक्षकले मात्रै स्थानीय पाठ्यक्रमको महत्त्व र मर्म बुझ्ने भएकोले स्थानीय पाठ्यक्रमलाई व्यवहारिक रूपमा जीवन्त तुल्याएका हुन्छन्।

***- एसआरके, भक्तपुर***

# नेपालमा पनि प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसा (TFGBV) को स्थिति विकराल !



रामप्रसाद प्रजापति

### प्रविधि सहजीकृत लैङ्गिक हिंसा

प्रविधि (इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल, इमेल, विभिन्न सामाजिक सञ्जालका प्लेटफर्म, अनलाइन एप्स आदि) को प्रयोग गरेर गरिने लैङ्गिक हिंसालाई प्रविधि सहजीकृत लैङ्गिक हिंसा भन्न सकिन्छ । यसलाई अङ्ग्रेजीमा Tech-Facilitated Gender-Based Violence (TFGBV) भनिन्छ ।

त्यस्तै प्रविधिको प्रयोग गरी व्यक्तिलाई, विशेष गरी महिला तथा बालिकालाई हानि नोक्सानी पुऱ्याउने, डर त्रास सिर्जना गर्ने, उत्पीडन, हैरानी गर्ने वा उनीहरूको स्वतन्त्र जीवन यापन गर्ने अधिकारमा अवरोध पुऱ्याउने कार्यहरू TFGBV अन्तर्गत पर्दछन् ।

नेपालमा प्रविधिको पहुँचसँगै प्रविधिको प्रयोग गरेर गरिने अपराधको सङ्ख्या उल्लेख्य रूपमा बढ्दै गएको छ भने प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसाको सङ्ख्या हरेक वर्ष दुई गुणा अर्थात् सत प्रतिशतले बढ्दै गएको नेपाल प्रहरीको तथ्याङ्कले बताउँछ ।

नेपाल प्रहरीको तथ्याङ्कअनुसार आ.व.२०७९/८० मा साइबर क्राइममा उजुरी दर्ता गर्नेहरूको सङ्ख्या १३,३३० रहेको र त्यसमध्ये ११,४२५ मुद्दा सामाजिक सञ्जालसँग सम्बन्धित घटनाहरू रहेको थियो । सामाजिक सञ्जालका प्लेटफर्महरूमध्ये फेसबुक तथा फेसबुक म्यासेन्जर सबैभन्दा धेरै रहेको र त्यस्तै टिकटक, इन्स्टाग्रामको माध्यमबाट हुने घटनाहरू पनि उल्लेख्य रहेको बताइन्छ । गत आर्थिक वर्षमा २३ हजारभन्दा बढी उजुरीहरू दर्ता भएको देखिन्छ ।

जनचेतना, लाज, पद प्रतिष्ठा, डरत्रासका कारण उजुरीको पहुँच नपुगेकाहरूको सङ्ख्या पनि कम छैन । त्यस्तो अवस्था प्रहरीकै उच्चपदस्थ, चिकित्सक, इन्जिनियर, वकिल तथा सरकारी कर्मचारीहरूसमेत पर्ने गरेको देखिन्छ ।

तर यसको कानुनी उपचारको लागि विद्यमान प्रचलित कानुन निकै कमजोर, साँघुरो र कार्यान्वयन योग्य नहुनु विद्यमान छ । यसको लागि हाल प्रचलित विद्युतीय सामग्रीसम्बन्धी कानुन, यौनजन्य हिंसा कसुर तथा सजायसम्बन्धी कानुन, मुलुकी अपराध संहिता तथा मुलुकी देवानी संहितामा रहेका घरेलु हिंसासम्बन्धी प्रचलित कानुनले हाल विकराल रूप लिँदै गरेको प्रविधिको माध्यमबाट हुने यौनजन्य विभेद, यौनजन्य हिंसालाई सम्बोधन गर्न सकेको छैन । कानुन निकै अपर्याप्त र अव्यावहारिक रहेको हुँदा यसलाई एकै ठाउँमा समाहित गरी नयाँ एकीकृत कानुन तर्जुमा गर्नुपर्ने आवाज व्यापक रूपमा उठ्न थालेको देखिन्छ ।

प्रविधिको प्रयोग गरेर गरिने लैङ्गिक हिंसाहरूमा विभिन्न रूपहरूमा विशेष गरी निम्न किसिमका गतिविधिहरू पर्ने देखिन्छ ।

१, अनलाइन यौन हिंसा : सामाजिक सञ्जालमा महिला वा पुरुषमाथि गाली गलौज, धम्की वा यौनजन्य टिप्पणी गर्नु अनलाइन यौन हिंसा हो । कुनै व्यक्तिलाई अनावश्यक रूपमा यौनजन्य टिप्पणी, सन्देश, तस्बिर, भिडियो पठाइ हैरान पार्नु अनलाइन यौन हिंसाभित्र पर्दछ ।

२, अनुमतिबिना निजी फोटो वा भिडियो सार्वजनिक गर्नुलाई पनि अनलाइन हिंसा नै मानिएको छ ।

३, अनलाइन स्टकिङ (बारम्बार पछ्याउने वा निगरानी गर्ने कार्य) : कसैलाई अनिच्छित रूपमा बारम्बार सम्पर्क गर्नु, कसैको व्यक्तिगत निजी गतिविधि/क्रियाकलापको निगरानी गर्नु, धम्कीपूर्ण सन्देशहरू पठाइरहनुजस्ता कार्यलाई अनलाइन स्टकिङ भनिन्छ ।

यस्तो क्रियाकलाप आफ्नै घनिष्ठ, प्रेमी, वैवाहिक वा यौन सम्बन्ध भएका साथीबाट हुने गरेको देखिन्छ । यस्तो क्रियाकलापभित्र आफ्नै पति वा पत्नीको मोबाइल, इमेल, म्यासेस बारम्बार हेर्नु, निगरानी गर्नु आदि पर्दछ । यस्तो क्रियाकलापबाट नकारात्मक प्रभाव पर्दा मानसिक समस्या, डिप्रेसन, आत्महत्याजस्ता घटना बढेको सम्बन्धित क्षेत्रमा काम गर्ने विज्ञहरू बताउँछन् ।

४, Online Bulling वा अनलाइन दुर्व्यवहार : प्रविधिको प्रयोग गरेर कसैलाई बारम्बार दुःख दिने, अपमान गर्ने, धम्काउने, गाली गर्ने वा हैरान पार्ने कार्य हो । जस्तै गालीगलौज वा अपमानजनक सन्देश पठाउने, झूटा हल्ला वा अफवाह फैलाउने, नक्कली अनलाइन खाता बनाई कसैको नाममा गलत गतिविधि गर्ने, कुनै व्यक्तिलाई अनलाइन समूहबाट जानीजानी बहिष्कार गर्ने, सामाजिक सञ्जालमा अपमानजनक टिप्पणी गर्ने आदि ।

५, नक्कली प्रोफाइल बनाएर बदनाम गर्नु : कसैले अरू कसैको फोटो वा नाम प्रयोग गरेर नक्कली प्रोफाइल बनाएर बदनाम गर्नु पनि हिंसाभित्र पर्दछ ।

६, यौनजन्य वा अश्लील सामग्री पठाएर हैरानी गर्नु हुँदैन । यसमा यौनजन्य फोटो अथवा यौनजन्य गतिविधिका फोटो वा भिडियो पठाएर हैरानी दिनुका साथै पैसा वा फाइदाका लागि Blackmail (धम्कीपूर्ण दबाब) समेत गर्नु हुँदैन ।

७, Deepfake प्रयोग गरी नक्कली अश्लील वा अपमानजनक फोटो वा भिडियो बनाउनु पनि अनलाइन हिंसाभित्रै पर्दछ । यसमा हाल निकै चर्चामा रहेको Artificial Inteligence (AI) को प्रयोग गरी नक्कली यौनजन्य तस्बिर तथा भिडियो बनाउने र त्यसको प्रयोग गरी वा सामाजिक सञ्जाल, अनलाइन तथा म्यासेजबाट फैलाई मान प्रतिष्ठामा आँच आउने, यातना र चरित्र हत्या गर्ने कार्य गर्नु हुँदैन ।




८, लोकेसन ट्र्याकिङ वा स्पाइवेयरमार्फत निगरानी गर्नु : कसैले प्रविधिको प्रयोग गरेर कसैको लोकेसन ट्र्याकिङ गर्न गराउन वा स्पाइवेयरमार्फत निगरानी गर्न हुँदैन । यसअन्तर्गत मोबाइल तथा कम्प्युटरमा म्यासेज (सन्देश) तथा इमेल जाँच पड्ताल गर्नु, पासवर्ड (गोप्य अङ्क) चोर्नु वा अनधिकृत रूपमा प्रयोग गरी सन्देश हेर्नु, निगरानी गर्नु आदि यसभित्र पर्दछन् ।

यस्तो क्रियाकलाप पनि आफ्नै घनिष्ठ, प्रेमी, वैवाहिक वा यौन सम्बन्ध भएका साथीबाट हुने गरेको देखिन्छ । यस्तो क्रियाकलापभित्र आफ्नै पति वा पत्नीको मोबाइल, इमेल, म्यासेस बारम्बार हेर्नु, निगरानी गर्नु आदि पर्दछन् ।

९, Doxxing (बिनासहमति निजी जानकारी, सन्देश प्रकाशित गर्नु वा इन्टरनेटमा फैलाउनु) यसभित्र कसैले कसैको निजी जानकारी वा पहिचान, ठेगाना, फोन नम्बरजस्ता सूचना सम्बन्धित व्यक्तिको सहमति नलिई प्रकाशित गर्नु वा इन्टरनेटमा फैलाउनुलाई डक्सिङ भन्ने गरिन्छ । जसको उद्देश्य उसलाई डर, दुःख, उत्पीडन, धम्की वा हानि पुऱ्याउनु हुन सक्छ ।

१०, Hacking and Account Takeover : कसैले कसैको अनलाइन पेज, फोन, म्यासेज, च्याट, एप्स आदिमा अनधिकृत पहुँच पुऱ्याई फाइदा लिने वा बदनाम गर्ने, Password ( गोप्य सङ्केत शब्द) पासवर्ड चोर्ने, एकाउन्ट ह्याक गरेर आफूलाई अरू नै व्यक्तिको रूपमा प्रस्तुत गर्नु, नक्कली पहिचान बनाउनु, कसैको नाम वा परिचय दुरुपयोग गर्नु पनि लैङ्गिक हिंसाभित्र पर्ने घटनाहरू छन् । यस्ता घटनाले व्यापकता पाउने गरेको देखिन्छ ।

११, Digital Dating Abuse : डिजिटल डेटिङसम्बन्धी दुर्व्यवहार भनेको प्रेम सम्बन्ध वा डेटिङमा रहेका व्यक्तिहरूबिच प्रविधिको माध्यमबाट जस्तै फेसबुक, मेसेन्जर, इन्स्टाग्राम, ह्वाट्एप आदिको प्रयोग गरेर नियन्त्रण गर्ने, डर देखाउने, नियमित निगरानी गर्ने वा दुरुपयोग गर्ने जस्ता व्यवहार गर्नु हो । प्रविधिको प्रयोग गरेर अर्को व्यक्तिलाई नियन्त्रण, दबाब वा डरमा राख्नु, फोन, म्यासेज वा सामाजिक सञ्जाल लगातार जाँच गर्नु, पासवर्ड मागेर जबरजस्ती पहुँच लिन खोज्नु, कहाँ छौँ, कोसँग छौँ भनेर लगातार ट्र्याक गर्नु, म्यासेजको जवाफ तुरुन्त नदिए रिसाउने वा धम्की दिने, फोटो वा च्याट लिक गरिदिन्छु भनी डर देखाउने, नक्कली खाता बनाएर निगरानी गर्ने वा जासुसी गर्ने आदि । जसका कारण मानसिक तनाव, डर बढ्दै जानुका साथै आत्मविश्वासमा कमी आउने, सम्बन्धमा असमान शक्ति बढ्दै नकारात्मक आपराधिक घटनासम्म हुनु, गोपनीयता भङ्ग हुँदा मानसिक चोट, डिप्रेसन, आपराधिक घटनासम्म पुग्न सक्ने सम्भावना बढ्छ ।

१२, Coerced Live Streaming : अनलाइनमा भएको अर्को व्यक्तिलाई मोबाइल फोन वा कम्प्युटर स्क्रिन वा क्यामेरामा यौनजन्य क्रियाकलाप गर्न दबाब दिई जबरजस्ती गर्नु पनि यौनजन्य लैङ्गिक हिंसाभित्रै पर्दछ । यसमा कसैलाई उसको इच्छाबिना वा डर, धम्की, दबाब दिई बाध्य पारिन्छ । यसलाई पनि प्रविधिको प्रयोग गरेर हुने लैङ्गिक हिंसा र अनलाइन शोषण मानिन्छ ।

### सावधानी अपनाऔँ है !

यस्तो समस्या समाधानका लागि पीडित मैत्री कानुनी व्यवस्थाका साथ साथै पीडित केन्द्रित अनुसन्धान, अभियोजन, कारबाही र फैसला कार्यान्वयनको व्यवस्था गर्नु आवश्यक छ । अन्यथा हालको स्रोत साधन, दक्षता र अवस्थाले पीडितले नै थप पीडा भोग्नुपर्ने बाध्यता छ ।

साइबर ब्युरो काठमाडौँकेन्द्रित र जनशक्ति र स्रोतसाधन निश्चित हुँदा साइबर अपराधका उजुरीकर्ताहरूले करिब १ (एक) वर्षपछि मात्रै आफ्नो पालो आउने त्यतिञ्जेल न्यायका भोकाहरूले निकै ठुलो चोट, मानसिक यातना, शारीरिक यातना, हैरानी भोग्न बाध्य हुनुपरेको बताउँछन् ।

यस्तो विद्यमान अवस्थामा साइबर क्राइमका लागि प्रयोग गरिने कार्यस्थलमा यौनजन्य अपराध, विद्युतीय कारोबार ऐन, घरेलु हिंसा, सामाजिक सञ्जाललाई नियन्त्रण गर्न बनेको कानुनहरू प्रभावशाली नहुनुका साथै ती ऐनहरूमा गरिएका ३ वर्षसम्म कैद वा ३० हजार रुपैयाँसम्म जरिवाना तथा ५ वर्षसम्म कैद वा एक लाख रुपैयाँसम्म जरिवाना हुने कानुनी व्यवस्थाको खास महत्त्व देखिन्न ।

साथै नेपालमा विद्यमान स्रोत साधन र दक्षताले पछिल्लो समयमा निकै चर्चामा आएको एआईको युगलाई सम्बोधन गर्न नसक्नुका साथै देशभित्रबाट मात्र नभई संसारका जुनसुकै कुनाबाट अपराधीले संसारको अन्य जुनसुकै कुनामा बसेको व्यक्ति, परिवार वा समुदायलाई हानि नोक्सानी पुऱ्याउने (Crossborder) तथा प्रविधिको प्रयोग गरेर यौनजन्य लैङ्गिक हिंसाको घटना गराउन सक्ने फराकिलो वा अदृश्य घटनास्थलका कारण साथै अनुसन्धान झन्झन् पेचिलो हुन थालेको सम्बन्धित विज्ञहरू बताउँछन् ।

त्यसैले जबसम्म हामी प्रविधिबाट हुने यौनजन्य हिंसा मात्र नभई जुनसुकै प्रकृतिका हिंसा, अपराध, विभेद विरुद्धको लडाइँ लड्न स्रोत साधन, दक्षता र योग्य हुँदैनौँ, प्रविधि चलाउने सीमा र जनसचेतना वृद्धि गर्न गराउन र आफै सचेत भई अपराधीलाई अपराध गर्ने ठाउँ नदिनु नै श्रेयकर हुने देखिन्छ ।

- २०८३ जेठ ३१

# चीनको अमेरिकी कम्पनीमाथि प्रतिबन्ध

पेइचिङ । अमेरिका र चीनबिच प्रविधि तथा रक्षा क्षेत्रमा बढ्दो प्रतिस्पर्धाबिच पेइचिङले १० अमेरिकी कम्पनीमाथि नयाँ निर्यात नियन्त्रण घोषणा गरेको छ । वासिङ्टनले चिनियाँ कम्पनीहरूलाई कालोसूचीमा राखेपछि चीनले त्यसको प्रतिकारस्वरूप रक्षा तथा दुर्लभ पृथ्वी खनिज क्षेत्रमा संलग्न अमेरिकी कम्पनीहरूलाई लक्षित गर्दै प्रतिबन्धात्मक कदम चालेको हो ।

चीनको वाणिज्य मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा अमेरिकी सरकारले चिनियाँ कम्पनीहरूलाई तथाकथित 'चिनियाँ सैन्य उद्यम सूची' मा समावेश गरेको कदमको प्रतिक्रियास्वरूप नयाँ निर्यात नियन्त्रण लागू गरिएको जनाएको छ । मन्त्रालयका अनुसार यो निर्णय राष्ट्रिय सुरक्षाको संरक्षणका लागिसमेत आवश्यक ठानिएको हो ।

यस कदमले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले चिनियाँ राष्ट्रपति सी चिनफिङसँगको भेटपछि सम्बन्ध सुधारको प्रयास गरिरहेको एक महिनापछि नयाँ तनाव सिर्जना गरेको छ । दुवै देशले व्यापार शुल्क घटाउने सहमति गरे पनि प्रविधि, रक्षा र सुरक्षा क्षेत्रका विवाद भने निरन्तर बढिरहेका छन् ।

यस महिनाको सुरुआतमा अमेरिकाले चिनियाँ सेनासँग सम्बन्ध रहेको आरोप लगाउँदै ८० वटा चिनियाँ कम्पनी र तिनका सहायक संस्थालाई कालोसूचीमा राखेको थियो । उक्त सूचीमा प्रविधि कम्पनी अलिबाबा र बाइडुका साथै विद्युतीय सवारी निर्माता बीवाईडीसमेत समावेश भएपछि चीनले प्रतिकारात्मक कदम चाल्ने सङ्केत दिएको थियो ।

चीनले प्रतिबन्ध लगाएका कम्पनीहरूमा अमेरिकी रक्षा तथा एयरोस्पेस क्षेत्रसँग आबद्ध एभिओक्स र ओस्कोश डिफेन्स रहेका छन् । ओस्कोश डिफेन्स अमेरिकी सैन्य सवारी उत्पादनमा संलग्न कम्पनी हो भने एभिओक्सले अमेरिकी सेनासँग रक्षा सम्झौताहरू गर्दै आएको छ ।

त्यसैगरी अमेरिकी दुर्लभ पृथ्वी खनिज उत्पादक एमपी मटेरियल्स र युएसए रेयर अर्थ पनि नयाँ सूचीमा परेका छन् । चीनले सूचीबद्ध संस्थाहरूलाई दोहोरो प्रयोगमा आउने वस्तु तथा सामग्री निर्यात गर्न प्रतिबन्ध लगाएको छ ।

वाणिज्य मन्त्रालयले सूचीमा रहेका कम्पनीहरूसँग सम्बन्धित सबै निर्यात गतिविधि तत्काल रोक्न निर्देशन दिएको छ । चीनमा उत्पादित दोहोरो प्रयोगका सामग्री कुनै पनि देश वा क्षेत्रका संस्था तथा व्यक्तिमार्फत ती कम्पनीहरूलाई उपलब्ध गराउन पनि रोक लगाइएको मन्त्रालयले जनाएको छ ।

यसैबिच चीनको वित्त मन्त्रालयले सार्वजनिक खरिदमा संलग्न सरकारी निकायहरूलाई ४६ अमेरिकी कम्पनीका उत्पादन खरिद गर्न प्रतिबन्ध लगाउने घोषणा गरेको छ । प्रतिबन्धमा लकहिड मार्टिन, रेथियोन र बोइङको रक्षा विभागका उत्पादनहरू पनि समावेश छन् ।

जनरल डायनामिक्स, एन्डुरिल इन्डस्ट्रिजका केही विभाग तथा विभिन्न एयरोस्पेस कम्पनीहरू पनि प्रतिबन्धित सूचीमा परेका छन् । यद्यपि चीनमा सञ्चालन गरिरहेका अमेरिकी लगानी भएका कम्पनीहरूलाई भने यी उपायबाट बाहिर राखिएको वित्त मन्त्रालयले जनाएको छ । नयाँ नियम सोमबारदेखि लागू भएको छ ।

चीनले यसअघि पनि ताइवानलाई अमेरिकी हतियार बिक्री गरेको आरोपमा सन् २०२४ र २०२५ मा तीमध्ये केही अमेरिकी कम्पनी र तिनका सहायक संस्थामाथि प्रतिबन्ध लगाइसकेको थियो ।

ताइवानले पेइचिङबाट बढ्दो सैन्य र राजनीतिक दबाब सामना गर्न अमेरिकाको सहयोगमा ठुलो निर्भरता राख्दै आएको छ । चीनले ताइवानलाई आफ्नो भूभागको हिस्सा मान्दै आएको छ र आवश्यक परे बल प्रयोग गर्न सक्ने चेतावनी पनि दिँदै आएको छ ।

अमेरिकी विदेशमन्त्री मार्को रुबियोले यस महिनामात्र ताइवानका लागि प्रस्ताव गरिएको १४ अर्ब अमेरिकी डलर बराबरको हतियार प्याकेज समीक्षा प्रक्रियामा रहेको बताएका थिए ।

यद्यपि पछिल्ला प्रतिबन्धात्मक कदमहरूले विश्वका दुई ठुला अर्थतन्त्रबिचको व्यापार, प्रविधि र सुरक्षा प्रतिस्पर्धा अझ तीव्र बन्दै गएको सङ्केत गरेका छन् ।



रुसको राजधानी मस्कोको क्रेमलिन परिसरमा दोस्रो विश्वयुद्धको क्रममा नाजी जर्मनीले तत्कालीन सोभियत समाजवादी सङ्घमाथि गरेको विध्वंसकारी हमलाको ८५ औं वार्षिक दिवस (दु:ख दिवस) को स्मरणमा युद्धको क्रममा वीरगति प्राप्त गरेका देशभक्त ज्ञात अज्ञात सोभियत लडाकुहरूको समाधिमा पुष्पार्पण गर्न जाँदै रुसी राष्ट्रपति भ्लादिमिर पुटिन, रक्षामन्त्री आन्द्रेइ बोलुसोभ तथा उच्चपदस्थ सैनिक अधिकारीहरू जून २२, २०२६ को दिन ।

*तस्विर : अलेक्ज्यान्डर जेम्लियाचेन्को/एएफपी*

# इरान–अमेरिका वार्ताको पहिलो चरण सम्पन्न
## ६० दिनभित्र अन्तिम सम्झौताको रोडम्यापमा सहमति

बर्गेनस्टक, ८ असार (एएफपी) । मध्यपूर्वमा जारी द्वन्द्व अन्त्य गर्ने उद्देश्यले इरान र संयुक्त राज्य अमेरिकाबिच स्विट्जरल्यान्डको बर्गेनस्टक रिसोर्टमा भएको पहिलो चरणको वार्ता सोमबार सम्पन्न भएको छ । दुवै पक्षले आगामी ६० दिनभित्र अन्तिम सम्झौतामा पुग्ने रोडम्यापमा सहमति जनाउँदै प्राविधिक तहका वार्ता निरन्तर जारी राख्ने निर्णय गरेका छन् ।

पाकिस्तान र कतारको मध्यस्थतामा सम्पन्न वार्तापछि जारी संयुक्त विज्ञप्तिअनुसार तेहरान र वासिङ्टनद्वारा गठित उच्चस्तरीय समितिले अन्तिम सम्झौताका लागि कार्ययोजना तय गरेको छ । बाँकी प्राविधिक विषयमा यसै साता बर्गेनस्टकमा थप छलफल हुने जनाइएको छ ।

वार्ताका क्रममा लेबनानमा सैन्य गतिविधिको अन्त्य कार्यान्वयन सुनिश्चित गर्न अमेरिका, इरान, लेबनानी सरकार तथा मध्यस्थकर्ताको सहभागितामा द्वन्द्व व्यवस्थापन संयन्त्र स्थापना गर्ने सहमति पनि भएको छ । इरानी विदेशमन्त्री अब्बास अराघचीले यसलाई शान्ति प्रक्रियाको पहिलो वास्तविक परीक्षणका रूपमा उल्लेख गर्नुभएको छ ।

त्यसैगरी, 'स्ट्रेट हफ हर्मुज' हुँदै व्यावसायिक जहाजहरूको सुरक्षित आवागमन सुनिश्चित गर्न तथा सम्भावित आपसी भ्रम र घटनाबाट बच्न दुवै पक्षले विशेष 'सञ्चार लाइन' स्थापना गरेका छन् । यो व्यवस्था प्रारम्भिक समझदारीपत्रमा उल्लेख गरिएको ६० दिने अवधिभर लागू रहनेछ ।

इरानी विदेशमन्त्री अराघचीले सामाजिक सञ्जाल एक्समार्फत तेल तथा पेट्रोकेमिकल निर्यातसम्बन्धी प्रतिबन्ध हटाइएको, केही रोक्का सम्पत्ति फुकुवा गरिएको र पुनर्निर्माण तथा विकास कार्यक्रम सुरु गरिएको दाबी गर्नुभएको छ । यद्यपि पाकिस्तान-कतारको संयुक्त विज्ञप्तिमा इरानी सम्पत्ति फुकुवासम्बन्धी कुनै उल्लेख गरिएको छैन ।

यसअघि हस्ताक्षर भएको समझदारीपत्रमा अमेरिकाले इरानमाथिका सबै प्रकारका प्रतिबन्ध अन्त्य गर्ने तथा रोक्का वा प्रतिबन्धित कोष र सम्पत्ति प्रयोगका लागि उपलब्ध गराउने प्रतिबद्धता जनाएको उल्लेख छ । यद्यपि अराघचीको दाबीबारे ह्वाइट हाउसले तत्काल कुनै प्रतिक्रिया दिएको छैन ।

वार्ताको सफलतासँगै पाकिस्तान र कतारले मध्यस्थकर्ताका रूपमा महत्त्वपूर्ण अन्तर्राष्ट्रिय भूमिका निर्वाह गरेका छन् । संयुक्त विज्ञप्तिमा दुवै देशले अन्तिम सम्झौतासम्म वार्तालाई रचनात्मक वातावरणमा अगाडि बढाउन निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# अफ्रिकामा एनेस्थेसिया सङ्कट

नैरोबी, ८ असार (एएफपी) । अफ्रिकाका अस्पतालहरूमा बाल शल्यक्रियाका लागि प्रयोग हुँदै आएको मुख्य एनेस्थेटिक औषधि हेलोथेनको आपूर्ति समाप्त हुने दिशामा गएपछि महाद्वीपभर गम्भीर स्वास्थ्य सङ्कट उत्पन्न हुने चेतावनी दिइएको छ । सन् २०२७ सम्म स्टक सकिन सक्ने जोखिमका कारण शल्यक्रिया सेवा नै प्रभावित हुने अवस्था देखिएको हो ।

नयाँ विकल्प सेभोफ्लुरेनभन्दा सातदेखि १० गुणा सस्तो पर्ने भएकाले अफ्रिकामा विशेषगरी उप-सहारा क्षेत्रमा बाल शल्यक्रियामा हेलोथेन व्यापक रूपमा प्रयोग हुँदै आएको छ । तर सन् २०२३ मा भारतमा अन्तिम निर्माता कम्पनीले उत्पादन बन्द गरेपछि यसको आपूर्ति तीव्र रूपमा घट्दै गएको छ ।

स्वास्थ्य क्षेत्रका विज्ञहरूका अनुसार उपलब्ध स्टक द्रुतगतिमा समाप्त हुँदै गएको छ र अब सन् २०२७ को अन्त्यसम्म पनि हेलोथेन बाँकी नरहने सम्भावना बढेको छ । युगान्डाकी एनेस्थेसियोलोजिस्ट एलिजाबेथ इगागाले यस अवस्थाबारे स्पष्ट पार्दै समय निश्चित नभए पनि सन् २०२७ सम्म आपूर्ति समाप्त हुने आशङ्का व्यक्त गर्नुभयो ।

उहाँ स्माइल ट्रेन नामक परोपकारी संस्थामा कार्यक्रम सुरक्षाकी वरिष्ठ निर्देशकसमेत हुनुहुन्छ । उक्त संस्थाले प्रत्येक वर्ष फाटेको ओठ र तालुका समस्या भएका एक लाखभन्दा बढी शल्यक्रिया गराउँछ र तीमध्ये करिब ९० प्रतिशत बालबालिका हुन्छन् । उहाँले हेलोथेनको अभावलाई गम्भीर चुनौतीका रूपमा चित्रण गर्दै सुरक्षित शल्यक्रियाको निरन्तरता कायम राख्न कठिन हुने बताउनुभयो ।

उच्चस्तरीय अस्पतालहरूले पहिले नै सेभोफ्लुरेन प्रयोग गर्न थालेका भए पनि ती अस्पतालहरूले उप-सहारा अफ्रिकाको सानो भाग मात्र प्रतिनिधित्व गर्छन् । अधिकांश स्वास्थ्य केन्द्रहरू अझै पुरानै प्रणालीमा निर्भर छन्, जसका कारण सङ्क्रमण प्रक्रिया जटिल बनेको छ ।

विशेषज्ञहरूका अनुसार यो परिवर्तनले अफ्रिकामा एनेस्थेसिया प्रणालीमा वर्षौंदेखि कायम रहेको लगानी अभावलाई उजागर गरेको छ । नयाँ उपकरणहरू प्रतिस्थापन गर्न प्रत्येक मेसिनका लागि हजारौं अमेरिकी डलर लाग्ने भएकाले धेरै अस्पतालहरू आर्थिक दबाबमा छन् ।

जाम्बियामा सोसाइटी अफ एनेस्थेटिस्टका अध्यक्ष सोमप्वे म्वान्साले हेलोथेन उत्पादन बन्द हुने खबरले देशभर चिन्ता फैलाएको बताउँदै सङ्क्रमण व्यवस्थापन कठिन भइरहेको उल्लेख गर्नुभयो । उहाँका अनुसार उपकरणको व्यवस्थापनदेखि नयाँ औषधिको तालिमसम्मका विषयले स्वास्थ्य प्रणालीलाई ठूलो दबाबमा पारेको छ ।

अफ्रिकाका धेरै क्षेत्रमा एनेस्थेसिया डाक्टर नभएका स्वास्थ्यकर्मीहरूले सञ्चालन गर्ने भएकाले नयाँ औषधि प्रयोगका लागि थप तालिम आवश्यक पर्ने देखिएको छ । यसले लागत र समय दुवै बढाउने जोखिम छ ।

विश्व एनेस्थेसियोलोजिस्ट समाज महासङ्घले सन् २०२४ मै अफ्रिकी सरकारहरूलाई सङ्क्रमणका लागि बजेट विनियोजन गर्न आग्रह गरेको थियो । तर स्माइल ट्रेनका अनुसार अपेक्षित स्तरमा तत्काल प्रतिक्रिया प्राप्त हुन सकेको छैन ।

एएफपीसँग कुरा गर्ने चिकित्सकहरूका अनुसार युगान्डा र जाम्बियाका अधिकारीहरूले सकारात्मक सङ्केत देखाए पनि कार्यान्वयन चुनौतीपूर्ण बनेको छ । यसले पहिले नै सीमित स्वास्थ्य बजेटमा थप लाखौं डलरको भार थपेको छ । यो पछिल्ला १८ महिनामा पश्चिमी अनुदान कटौतीले अझ बढेको छ ।

यस अवस्थाले अफ्रिकामा शल्यक्रिया क्षमता घटाउन सक्ने सम्भावना रहेको विशेषज्ञहरूले चेतावनी दिएका छन् । एनेस्थेसिया पहिले नै स्वास्थ्य प्रणालीको कम प्राथमिकतामा पर्ने क्षेत्र भएकाले यसको असर गम्भीर हुन सक्ने बताइएको छ ।

अफ्रिका विश्वकै सबैभन्दा युवा जनसङ्ख्या भएको महादेश भएकाले र सन् २०५० सम्म विश्वका चारमध्ये एक बच्चा यहीं बस्ने अनुमान गरिएको सन्दर्भमा बाल स्वास्थ्य सेवामा यस्तो सङ्कट अझ गम्भीर बन्ने देखिएको छ ।

स्माइल ट्रेनले सङ्क्रमणमा सहयोग गरिरहेको भए पनि सम्पूर्ण समस्या समाधान गर्न नसक्ने स्पष्ट पारेको छ । अन्ततः अफ्रिकी सरकारहरूले नै दीर्घकालीन जिम्मेवारी लिनुपर्ने आवश्यकता औँल्याइएको छ ।

एलिजाबेथ इगागाले यस चुनौतीलाई स्वीकार गर्दै सहयोग स्वागतयोग्य भए पनि सरकारहरू स्वयं जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो ।

## विश्व सङ्क्षेप

### ५९ ड्रोन खसालिएपछि मस्कोका चार विमानस्थल केही समय बन्द

मस्को, ८ असार (एएफपी) । रूसको राजधानी मस्कोतर्फ लक्षित करिब ६० वटा ड्रोन खसालिएपछि त्यहाँका चारवटै प्रमुख विमानस्थल सोमबार केही समयका लागि बन्द गरिएका छन् ।

स्कोका मेयर सर्गेई सोब्यानिनले सामाजिक सञ्जाल टेलिग्राममार्फत मस्कोतर्फ गइरहेका ५९ वटा ड्रोन नष्ट गरिएको जानकारी दिनुभएको छ ।

रूसले युक्रेनी सहरहरूमा आक्रमण जारी राखिरहेका बेला त्यसको प्रतिकारस्वरूप युक्रेनले रूसभित्र ड्रोन आक्रमण गर्दै आएको छ । यद्यपि मेयर सोब्यानिनले उक्त ड्रोन युक्रेनबाट प्रक्षेपण गरिएका हुन् वा होइनन् भन्नेबारे स्पष्ट उल्लेख गर्नुभएको छैन । रुसी उड्डयन अधिकारीहरूले सुरक्षा कारण देखाउँदै मस्कोका चारवटै विमानस्थल अस्थायी रूपमा बन्द गरेका थिए । स्थानीय समयअनुसार बिहान ५:३९ बजे विमानस्थलहरू पुन: सञ्चालनमा ल्याइएको अधिकारीहरूले जनाएका छन् ।

### कतारको रास लाफानमा विस्फोट १८ जना बेपत्ता, ५४ जना घाइते

दोहा, ८ असार (सिन्हवा) । कतारको रास लाफान औद्योगिक नगरस्थित एक कारखानामा आइतबार राति भएको विस्फोटमा कम्तीमा ५४ जना घाइते भएका छन् भने १८ जना बेपत्ता भएका छन् ।

कतारको आन्तरिक मन्त्रालयका अनुसार राजधानी दोहाबाट करिब ८० किलोमिटर उत्तरमा रहेको रास लाफान औद्योगिक क्षेत्रमा प्राविधिक गडबडीका कारणले विस्फोट भएको हो । उक्त क्षेत्र कतारको प्राकृतिक ग्यास निर्यातको प्रमुख केन्द्रका रूपमा परिचित छ । मन्त्रालयले सोमबार जारी गरेको विज्ञप्तिमा बेपत्ता व्यक्तिको खोजी तथा उद्धार कार्य जारी रहेको र आपत्कालीन उद्धार टोली परिचालन गरिएको जनाएको छ ।

यसअघि जारी अर्को विज्ञप्तिमा विस्फोटपछि सार्वजनिक सुरक्षामा असर पार्ने खालको कुनै ग्यास चुहावट वा अन्य जोखिम नदेखिएको उल्लेख गरिएको थियो । रास लाफान क्षेत्र हालैको युद्धका क्रममा इरानको निशानामा परेको थियो र त्यसपछि केही सातासम्म बन्द रहेको थियो । कतारी अधिकारीहरूका अनुसार बरजान ग्यास प्रशोधन केन्द्रमा पुन: सञ्चालनको प्रयास भइरहेका बेला उक्त विस्फोट भएको हो ।

### मलेसियाद्वारा बङ्गलादेशी कामदारको अधिकार संरक्षण सुदृढ गर्ने प्रतिबद्धता

पुत्रजया, ८ असार (एएफपी) । मलेसियाका प्रधानमन्त्री अनवर इब्राहिमले बङ्गलादेशी आप्रवासी कामदारहरूको अधिकार संरक्षणलाई थप सुदृढ गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । बङ्गलादेशी प्रधानमन्त्री तारिक रहमानसँग सोमबार भएको संयुक्त पत्रकार सम्मेलनमा प्रधानमन्त्री अनवरले श्रमिकमाथि हुने शोषण र दुर्व्यवहार अस्वीकार्य रहेको बताउनुभयो । मलेसियामा करिब आठ लाख बङ्गलादेशी कामदार कार्यरत छन्, जुन देशको आप्रवासी श्रमशक्तिको करिब एक तिहाइ हो । हालका वर्षमा श्रमिकले भुक्तानी नपाएको ज्याला, भर्ती, ठगी तथा अत्यधिक शुल्क तिर्न बाध्य भएपछि अलपत्र परेका घटनाहरू सार्वजनिक भएका छन् । यसले आप्रवासी श्रमिकहरू ऋणको बन्धनमा फसेको भन्दै अन्तर्राष्ट्रिय चासो बढेको छ ।

प्रधानमन्त्री अनवरले मानव संसाधन सहकार्यलाई दुवै देशको अस्तित्वका लागि महत्त्वपूर्ण भन्दै श्रमिकको शोषण कुनै पनि हालतमा सहन नसकिने स्पष्ट पार्नुभयो । त्यस्तै, बङ्गलादेशका प्रधानमन्त्री रहमानले भर्ती प्रक्रियालाई पारदर्शी, निष्पक्ष र सस्तो बनाउन तथा बिचौलियाको सङ्ख्या घटाउनुपर्नेमा जोड दिनुभयो । संयुक्त राष्ट्रसङ्घका मानव अधिकार विज्ञहरूले समेत मलेसियामा बङ्गलादेशी कामदारहरूले शोषण, ठगी र ऋणको बन्धनको समस्या सामना गरिरहेको भन्दै दुवै सरकारलाई जिम्मेवार व्यक्तिहरूमाथि कारबाही गर्न आग्रह गरेका छन् ।

### बेलायती प्रधानमन्त्री स्टार्मरद्वारा राजीनामाको घोषणा

लन्डन, ८ असार (एएफपी) । बेलायतका प्रधानमन्त्री किर स्टार्मरले दुई वर्षभन्दा कम कार्यकालपछि सोमबार राजीनामाको घोषणा गर्नुभएको छ ।

नीतिगत यू-टर्न तथा बढ्दो अलोकप्रियताबिच उहाँले लेबर पार्टीको नेताबाट राजीनामा दिने घोषणा गर्नुभएको हो । लन्डनस्थित 'टेन डाउनिङ स्ट्रिट' बाहिर सम्बोधन गर्दै स्टार्मरले आफूले लिएका सबै निर्णय देशको हितलाई केन्द्रमा राखेर गरिएको बताउनुभयो ।

"मैले लिएका हरेक निर्णय मैले माया गरेको देशलाई पहिलो स्थानमा राख्ने उद्देश्यका साथ गरिएको हो । त्यसैले म लेबर पार्टीको नेताको पदबाट राजीनामा दिन्छु", उहाँले भावुक हुँदै भन्नुभयो ।

स्टार्मरका अनुसार नयाँ लेबर पार्टी नेता चयन प्रक्रिया आगामी जुलाईमा सुरु हुनेछ । नयाँ नेता छनोट नभएसम्म उहाँ प्रधानमन्त्रीको जिम्मेवारीमा रहनुहुनेछ । नयाँ नेता सेप्टेम्बरभित्र चयन हुने अपेक्षा गरिएको छ ।

सन् २०२४ मा लेबर पार्टीलाई आमनिर्वाचनमा विजय दिलाउँदै प्रधानमन्त्री बन्नुभएका स्टार्मरको कार्यकाल नीतिगत परिवर्तन र घट्दो जनसमर्थनका कारण चुनौतीपूर्ण बनेको थियो ।

# व्यापार घाटा १५.६७ प्रतिशतले बढ्यो, १५७ मध्ये १२३ देशसँग घाटा
# व्यापार घाटा न्यूनीकरणमा चुनौती

कल्पना घिमिरे

नेपालको अर्थतन्त्रमा बाह्य क्षेत्रको सन्तुलन मिलाउन वैदेशिक व्यापार एक प्रमुख चुनौतीका रूपमा रहँदै आएको छ । चालू आर्थिक वर्ष ( २०८२/०८३) को पहिलो ११ महिना (साउनदेखि जेठ मसान्तसम्म) को तथ्याङ्कले नेपालको वैदेशिक व्यापारको अवस्था भयावह र परनिर्भर रहेको देखाएको छ ।

भन्सार विभागले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार नेपालको व्यापार घाटा अघिल्लो वर्षको तुलनामा १५.६७ प्रतिशतले बढेर १६ खर्ब १६ अर्ब १३ करोड रुपैयाँ नाघेको छ ।

आयात र निर्यात दुवैमा वृद्धि देखिए पनि व्यापार घाटाको खाडल झनै गहिरिएको छ । यस अवधिमा नेपालले विश्वका १५७ वटा देशसँग व्यापार गरेकोमा ३४ वटा साना देशसँग मात्र व्यापार नाफा आर्जन गरेको छ भने बाँकी १२३ देशसँगको व्यापारमा नेपालले ठुलो घाटा बेहोर्नुपरेको छ ।

चालू आर्थिक वर्षको पहिलो ११ महिनामा नेपालले कुल १८ खर्ब ९४ अर्ब ९ करोड ८८ लाख रुपैयाँ बराबरको वस्तु आयात गरेको छ । गत आर्थिक वर्ष (२०८१/०८२) को सोही अवधिमा १६ खर्ब ४४ अर्ब ७९ करोड रुपैयाँको आयात भएको थियो, जसको तुलनामा यस वर्ष १५.१६ प्रतिशतले आयात बढेको छ ।

अर्कोतर्फ, निर्यातमा पनि १२.२८ प्रतिशतको वृद्धि देखिएको छ । यस वर्ष २ खर्ब ७७ अर्ब ९६ करोड ७२ लाख रुपैयाँ बराबरको वस्तु निर्यात भएको छ, जबकि अघिल्लो वर्ष २ खर्ब ४७ अर्ब ५७ करोड रुपैयाँको मात्र निर्यात भएको थियो । यद्यपि, निर्यातको यो वृद्धि आयातको तुलनामा अत्यन्तै न्यून छ ।

कुल वैदेशिक व्यापारमा आयातको हिस्सा ८७.२० प्रतिशत पुग्दा निर्यातको हिस्सा खुम्चिएर १२.८० प्रतिशतमा सीमित भएको छ । हाल नेपालको आयात-निर्यात अनुपात १:६.८१ छ, अर्थात् नेपालले १ रुपैयाँको सामान निर्यात गर्दा झन्डै ७ रुपैयाँको सामान आयात गरिरहेको छ ।

**पेट्रोलियम र सवारी साधनको आयात उच्च**

चालू आर्थिक वर्ष (२०८२/०८३) को पहिलो ११ महिनामा नेपालमा सबैभन्दा बढी मूल्यको पेट्रोलियम पदार्थ आयात भएको छ भने निर्याततर्फ पशुजन्य तथा वनस्पतिजन्य घ्यू र तेल पहिलो स्थानमा छ । भन्सार विभागले सार्वजनिक गरेको वस्तुगत वैदेशिक व्यापारको विस्तृत तथ्याङ्कअनुसार २०८२ साउनदेखि २०८३ जेठमसान्तसम्मको अवधिमा नेपालको कुल आयातमा पेट्रोलियम पदार्थको हिस्सा सबैभन्दा ठुलो देखिएको छ ।

यस अवधिमा ३ खर्ब ४३ अर्ब ४३ करोड २४ लाख १ हजार रुपैयाँ बराबरको पेट्रोलियम पदार्थ भित्रिएको छ । यो कुल आयातको करिब १८.१ प्रतिशत हिस्सा हो । नेपालले व्यापार घाटा न्यूनीकरणका लागि विद्युतीय सवारी साधनको आयात र विद्युत् खपत बढाउने नीति लिए पनि इन्धनको माग उच्च हुँदा ठुलो मात्रामा विदेशी मुद्रा बाहिरिएको देखिन्छ ।

यसैगरी, आयाततर्फ दोस्रो स्थानमा वनस्पतिजन्य घ्यू-तेल (कच्चा पदार्थ) छ । सो अवधिमा १ खर्ब ६२ अर्ब ३३ करोड ५ लाख २३ हजार रुपैयाँको कच्चा घ्यू-तेल आयात भएको छ । तेस्रो स्थानमा मेसिनरी तथा मेकानिकल पार्टपुर्जाहरू छन्, जसको आयात मूल्य १ खर्ब ४० अर्ब ८ करोड ८६ लाख १० हजार रुपैयाँ छ । यस्तै सवारी साधन र तिनका पार्टपुर्जा मात्रै १ खर्ब १२ अर्ब २२ करोड ५९ लाख रुपैयाँको आयात भएको देखिन्छ । ६५ अर्ब ३२ करोड रुपैयाँको प्लास्टिक, ६२ अर्ब ७८ करोड रुपैयाँको सुनचाँदी तथा बहुमूल्य गहना, ५५ अर्ब ९३ करोड रुपैयाँको खाद्यान्न (अन्न) र ४९ अर्ब ८३ करोड रुपैयाँको रासायनिक मल आयात भई शीर्ष १० आयातीत वस्तुको सूचीमा समेटिएका छन् ।

**धेरै निर्यात हुनेमा प्रशोधित तेल र चिया-अलैंची**

नेपालबाट बाहिरिने वस्तुतर्फ प्रशोधित पशुजन्य तथा वनस्पतिजन्य घ्यू-तेल पहिलो स्थानमा छ । ११ महिनाको अवधिमा नेपालबाट १ खर्ब ३१ अर्ब १० करोड ८० लाख रुपैयाँ बराबरको प्रशोधित तेल निर्यात भएको छ । यद्यपि, कच्चा पदार्थ आयातमा धेरै रकम खर्चिनुपर्ने भएकाले घ्यू-तेल व्यापारमा मात्रै नेपाल झन्डै ३१ अर्ब २२ करोड रुपैयाँ खुद व्यापार घाटामा छ ।

निर्यात सूचीको दोस्रो स्थानमा चिया, कफी, अलैंची र मसलाजन्य वस्तु छन्, जसको निर्यात मूल्य १७ अर्ब २९ करोड ११ लाख रुपैयाँ छ । तेस्रो स्थानमा रहेको सिन्थेटिक धागो (मानव निर्मित फाइबर) १२ अर्ब ८६ करोड रुपैयाँ र चौथो स्थानमा रहेको नेपाली गलैंचा तथा कार्पेटजन्य वस्तुहरू १० अर्ब ६८ करोड रुपैयाँको निर्यात भएको छ ।

यसैगरी ९ अर्ब १५ करोड रुपैयाँको पशु आहार तथा खाद्य अवशेष, ८ अर्ब ८९ करोड रुपैयाँको काठ तथा काठका सामान, ७ अर्ब ७४ करोड रुपैयाँको तयारी पोशाक, ७ अर्ब १४ करोड रुपैयाँको तरकारी तथा फलफूलका परिकार/अचार, ६ अर्ब ६३ करोड रुपैयाँको वनस्पतिजन्य फाइबर तथा जुट र ५ अर्ब ३२ करोड रुपैयाँको विशेष धागो तथा फेल्ट शीर्ष १० निर्यात सूचीमा अटाएका छन् ।

**चुलिँदो व्यापार घाटा र अनुपात**

विभागले सार्वजनिक गरेको तथ्याङ्कअनुसार आयात र निर्यात दुवैमा सुधार देखिए पनि नेपालको आयात-निर्यात अनुपात अघिल्लो वर्षको ६.६४ को तुलनामा सामान्य बढेर ६.८१ पुगेको छ । यसको अर्थ नेपालले १ रुपैयाँ बराबरको वस्तु निर्यात गर्दा ६ रुपैयाँ ८१ पैसा बराबरको आयात गर्ने गरेको छ । कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा घटेर १२.८० प्रतिशतमा सीमित भएको छ भने आयातको हिस्सा ८७.२० प्रतिशत पुगेको छ । स्वदेशी प्रशोधन उद्योगका लागि आवश्यक कच्चा पदार्थ र पेट्रोलियम पदार्थको अत्यधिक आयातले नेपालको वैदेशिक व्यापार घाटा न्यूनीकरण गर्ने प्रयासमा चुनौती थपिरहेको छ ।

**१२३ देशसँगको व्यापार घाटामा**

नेपालले विश्वका १५७ देशसँग द्विपक्षीय व्यापार गरेको छ । जसमध्ये ३४ देशसँग मात्र नेपालको व्यापार नाफामा रहँदा बाँकी १२३ देशसँगको व्यापार घाटामा छ ।

नेपालको सबैभन्दा ठुलो व्यापार घाटा छिमेकी मुलुक भारतसँग छ । भारतबाट १० खर्ब ९२ अर्ब २ करोड २४ लाख ४० हजार रुपैयाँको आयात हुँदा नेपालबाट २ खर्ब २८ अर्ब १३ करोड १८ लाख ५० हजार रुपैयाँको वस्तु निर्यात भएको छ । यसरी भारतसँग मात्रै नेपालको व्यापार घाटा ८ खर्ब ६३ अर्ब ८९ करोड ५ लाख ९० हजार रुपैयाँ पुगेको छ ।

दोस्रो ठुलो व्यापारिक साझेदार चीनसँग नेपालको व्यापार घाटा ३ खर्ब ८० अर्ब ६५ करोड ५१ लाख ६१ हजार रुपैयाँ छ । ११ महिनामा चीनबाट ३ खर्ब ८२ अर्ब २४ करोड ९६ लाख ४४ हजार रुपैयाँको आयात हुँदा निर्यात भने १ अर्ब ५९ करोड ४४ लाख ८३ हजार रुपैयाँमा सीमित भएको छ ।

**३४ देशसँग नेपालको व्यापार नाफामा**

नेपालले वैदेशिक व्यापार गर्ने देशहरूमध्ये डेनमार्कसँग सबैभन्दा बढी ७२ करोड ४१ लाख ३४ हजार रुपैयाँ व्यापार नाफा आर्जन गरेको छ । डेनमार्कमा नेपालबाट ९० करोड ६८ लाख ५३ हजार रुपैयाँको वस्तु निर्यात भएको छ भने त्यहाँबाट १८ करोड २७ लाख १९ हजार रुपैयाँको वस्तु आयात भएको छ ।

डेनमार्कबाहेक अमेरिकन सामोआ, इराक, आइसल्यान्ड, नर्वे, सेसेल्स, कोलम्बिया, मालदिभ्स, नाइजर र उरूग्वे जस्ता मुलुकहरूसँगको व्यापार पनि नेपालको पक्षमा (नाफामा) देखिएको छ । तर, यी देशहरूमा हुने निर्यातको आकार सानो भएकाले यसले मुलुकको समग्र व्यापार घाटा कम गर्न खासै ठुलो योगदान पुऱ्याउन सकेको देखिँदैन ।

***रातोपाटीबाट***

# जोरायले बासमती धानले पाउँदै छ लोकप्रियता

विमलबहादुर विष्ट


सुदूरपश्चिम प्रदेशमा प्रसिद्ध जोरायले बासमती धानको संरक्षण गर्दै यसको प्रचारप्रसारमा बढ्न थालेपछि जोरायल गाउँपालिका-६ चित्रराज भट्ट यतिबेला यस प्रजातिको धान रोप्न आतुर देखिनुहुन्छ । विभिन्न सङ्घसंस्था तथा स्थानीय सरकारको पहलमा संरक्षण अभियान थालनी भएपछि यस धानको खेतीतर्फ भट्टलगायतका किसान आकर्षित भएका हुन् ।

पालिकास्थित रावतकट्टे, चनकट्टे, हाट, सिलङ्गीबाग, थापली, स्याला, पिपलकण्डेलगायतका ठाउँका किसानहरू यतिबेला धमाधम खेत रोपाइँमा व्यस्त देखिन्छन् । जिल्लाको जोरायल गाउँपालिका-३ र ४ का उपत्यका क्षेत्रमा मात्रै लगाइने यो धान पछिल्लो समय बासमती धान लोप हुने अवस्थामा थियो । यस धानको चामलको भात पकाउँदा निकै मिठो बास्ना आउने तथा अरु विभिन्न परिकार पनि बनाउन मिल्ने भएकाले यस धानको चामल निकै लोकप्रिय मानिँदै आएको छ । यहाँका स्थानीयवासीले यस प्रदेशभन्दा बाहिर पनि यसको चर्चा पुऱ्याउन र उचित संरक्षण र विस्तारका लागि आग्रह गरेका छन् ।

जोरायले बासमती धान संरक्षणका लागि गाउँपालिकाले पनि विभिन्न कार्यक्रम अघि सारेको गाउँपालिका अध्यक्ष दुर्गा ओझाले बताउनुभयो । उहाँले भन्नुभयो, "सुदूरपश्चिममा उत्कृष्ट मानिएको जोरायले बासमती संरक्षणका लागि हामीले पालिकाको बजेटबाट विभिन्न कार्यक्रम पनि अघि सारेका छौँ, अब जिल्लाका अन्य क्षेत्रमा पनि उत्पादनका लागि पहल गर्नेछौँ ।" वैदिककालदेखि नै सुदूरपश्चिमको जोरायलमा मात्रै जोरायले बासमती धानको खेती गर्न थालिएको धान बालीसम्बन्धी जानकारहरू बताउँछन् । यसै धानको नामबाट यस पालिकाको नामकरण भएको बताइएको छ ।

पछिल्ला वर्षहरूमा भने जुम्लाको कालीमार्सीको चर्चा बढेजस्तै आफ्नो भेगमा उत्पादन हुने जोरायले पनि लोकप्रियता पाउनेमा उहाँ विश्वस्त देखिनुहुन्छ । यो धान धेरै गर्मीमा भन्दा पनि कम नै तापक्रममा हुने तथा समथल ठाउँमा मात्रै उत्पादन हुने गर्दछ । जोरायले बासमती धान सुदूरपश्चिमकै उत्कृष्ट र मसिनो तथा खाँदा बास्नादार चामल हुने भएकाले सुदूरपश्चिममा उक्त धानको निकै माग हुने गरेको जोरायल-५ का स्थानीय डम्मर विष्टले जानकारी दिनुभयो ।

नेपालमा पाइने विभिन्न किसिमका बासमती धानभन्दा फरक खालको यो धान भएकाले यसलाई निकै महत्त्वका साथ हेरिने गरेको पाइएको कृषि ज्ञान केन्द्र डोटीका निमित्त कार्यालय प्रमुख गङ्गादत्त अवस्थीले बताउनुभयो । उहाँले भन्नुभयो, "नेपालमा थुप्रै किसिमका बासमती धान छन्, तर जोरायल क्षेत्रमा मात्रै उत्पादन हुने बासमती धानको आफ्नै महत्त्व छ, यसले स्वास्थ्यमा राम्रो प्रभाव पार्ने भएकाले पनि यसको महत्त्व अधिक छ, यसको संरक्षण गर्नु जरुरी भएको छ ।"



अघिल्ला वर्षमा जोरायले बासमती धान उत्पादन केही घटेको भए पनि चालु आर्थिक वर्षमा धान उत्पादन बढेको थियो । मौसमले साथ दिए यो वर्ष पनि धान उत्पादन बढ्ने प्रदेश कृषि विकास निर्देशनालय दिपायल राजपुरका कृषि प्राविधिकहरूको अनुमान रहेको छ । जोरायले बासमतीसँगै यहाँका किसानले मार्सी, थापाचिनी, गुर्रा, ठेसे, हङ्सराज र पालपाली धान समेत लगाउँदै आएका छन् ।

यस वर्ष भने जोरायले बासमती चामल यो वर्षको जेठ ५ गतेदेखि नै रोप्न आरम्भ भएको स्थानीयवासी बताउँछन् । मनसुन सुरु भएसँगै यहाँका सिँचाइ सुविधा पुगेका ठाउँमा उक्त धान रोपाइँ सुरु भएको हो । खोला किनारमा रहेका फाँटहरूमा जोरायले बासमती धान रोपाइँ गर्न थालिएको जोरायल गाउँपालिका-३ का वडाध्यक्ष नवीन ओझाले जानकारी दिनुभयो ।

यहाँका कम्तीमा पनि आठ सय हेक्टर जमिनमा उक्त जोरायले बासमती धानखेती हुने गरेको कृषि ज्ञान केन्द्र सिलगढी डोटीले जनाएको छ । प्रदेश कृषि विकास निर्देशनालय दिपायल राजापुरका महानिर्देशक खगेन्द्रप्रसाद शर्माले यो वर्ष पानी चाँडै पर्न थालेकाले जोरायले बासमती धान रोपाइँ पनि छिटो भएको बताउनुभयो । उहाँले भन्नुभयो, "सिँचाइ सुविधासँगै यो वर्ष समयमै वर्षात् भएको छ, किसानलाई जोरायले बासमती धान रोप्न चटारो भएको छ ।"

नेपालको विभिन्न स्थान, तराई र केही पहाडी भूभागमा अझै पनि स्थानीय जातका बासमती धान लगाइने चलन रहेको जोरायलका अर्का स्थानीय मीनबहादुर ओली बताउनुहुन्छ । बासमती धान ढिलो पाक्ने, कम फल्ने र राष्ट्रिय उत्पादनमा खासै योगदान नगर्ने हुँदा जति चर्चा हुनुपर्ने हो, त्यति नभएको उहाँको भनाइ छ । बासमती धान व्यापारी प्रयोजनका लागि नभई यहाँका अधिकांश किसानले आफैँले खानकै लागि मात्रै खेती गर्ने चलन बढी भएका कारण यो धानको खासै चर्चा हुन नसकेको जोरायल गाउँपालिका-५ की स्थानीय दुर्गादेवी विष्टले बताउनुहुन्छ ।

उहाँले भन्नुभयो, "जोरायले बासमती धान व्यापारी प्रयोजनका लागि नलगाई आफ्नै लागि लगाउने चलन बढी छ, बिक्री वितरण कमै गरिने भएकाले पनि यसको चर्चा र प्रचार हुन सकेको छैन ।" यहाँ उत्पादन हुने जोरायले बासमती चामल नेपालसहित छिमेकी मुलुक भारतका विभिन्न सहरमा पनि केही वर्षयता बिक्रीका लागि पठाउने गरिएको छ । यसको मूल्य प्रतिकेजी १२० पर्ने गरेको व्यापारीहरू बताउँछन् ।

पछिल्लो समय जोरायल क्षेत्रमा मात्रै उत्पादन हुने बासमती धान लोप हुने खतरा बढेकाले त्यसको संरक्षणका लागि सबै तह र तप्काबाट लाग्नुपर्ने यहाँका किसानहरूको माग रहेको छ । जोरायले बासमती संरक्षणका लागि स्थानीय स्तरबाट पहल भएपनि यस प्रयासले खासै ठोस रूप लिन सकेको छैन । ढिलो पाक्ने भएकाले र यसको व्यापारिक केन्द्र नतोकिएका कारण पनि किसानहरू यो धान लगाउन नमान्ने गरेको जोरायल गाउँपालिका-४ की अर्की स्थानीय किसान लक्ष्मी ओलीले बताउनुभयो ।

उहाँका अनुसार यो धान अन्य धानभन्दा कम्तीमा पनि एक महिना ढिलो पाक्ने गरेका कारण पनि समस्या हुँदै आएको छ । उहाँले भन्नुभयो, "अन्य धान छिटो पाक्छ र समयमै किसानले भित्र्याउँछन्, यो ढिलो पाक्ने भएकाले खेर जाने डरले किसानले लगाउन मान्दैनन्, बर्सेनि धान लगाउने किसानको सङ्ख्या बढ्नुको साटो घट्दै जान थालेको छ ।" तर स्वाद र गुणका कारण यसको माग भने दिन प्रतिदिन बढ्दै छ । काठमाडौँमा नै केही वर्षयता कालीमार्सी धानको चर्चा सुरु भयो र माग बढ्यो, त्यसैगरी सुदूरपश्चिम क्षेत्रमा पनि जोरायले बासमतीको माग बढ्दै गएको पाइएको छ ।

यस वर्ष समयमै पानी पर्न थालेपछि डोटीमा रोपाइँ सुरु भएको छ । स्वाद, सुगन्ध र गुणस्तरका कारण देशभर लोकप्रिय यस धानको रोपाइँ यस वर्ष प्रविधिमैत्री शैलीमा थालिएको हो । यसपालि परम्परागत गोरु जोत्ने पद्धतिको सट्टा धेरै किसानले मिनिटिलर प्रयोग गरेर खेत तयारी गरेका छन् । यान्त्रिक प्रयोगले खेत छिटो जोत्न सकिने, श्रम घट्ने र लागत कम हुने भएकाले कृषकहरू प्रविधिप्रति उत्साहित देखिएका छन् ।

गाउँमा खासगरी गोरु र मजदुरको अभाव भएको बेला हातेट्याक्टर प्रयोग गरेर खेत जोत्दा श्रम कम, सस्तो र समय पनि बचत हुने भएकाले बिस्तारै किसानहरू यसतर्फ आकर्षित भएको कृषक भक्तराज अवस्थी बताउनुहुन्छ । उहाँका अनुसार बासमती धान रोपाइँसँगै डोटीका बोगटान फुड्सिल गाउँपालिका, बडिकेदार, केआइसिंहलगायतका विभिन्न ठाउँमा पनि हातेट्याक्टर प्रयोग गरेर रोपाइँ गर्न थालिएको छ ।

डोटी जिल्लामा ३२ हजार दुई सय ७६ हेक्टर क्षेत्रफल जमिन खेतीयोग्यमध्ये करिब २५ हजार पाँच सय हेक्टर क्षेत्रफलमा खेती गर्दै आए पनि १० हजार छ सय ८० हेक्टर क्षेत्रफलमा धान खेती हुँदै आएको कृषि ज्ञान केन्द्र डोटीका निमित्त कार्यालय प्रमुख अवस्थीले बताउनुभयो । जिल्लाका अधिकांश पाखा खेतमा भने साउनसम्म पनि रोपाइँ हुने गर्दछ । जिल्लाका किसानले राघा, सुक्का तिन, हल्दीनाथ, खुमल, पाल्पाली, कुसुम, राधा चार, झिनुवा, मार्सी बाँकी स्थानीय जातका धान लगाउँदै आएका छन् ।

नेपालमा कम्तीमा चार वटा जङ्गली प्रजातिका धान र रैथाने जात पनि प्रचुर मात्रामा पाइने गरेको बताइएको छ । जुम्लामा मार्सी, बारा, सुनसरी, झापालगायत पूर्वी तराई क्षेत्रमा लल्का बासमती, पोखरामा जेठो बुढो, कपिलवस्तु क्षेत्रमा काला-नमक, दाङ क्षेत्रमा तिल्की तथा डोटीको जोरायल क्षेत्रमा फल्ने जोरायले बासमती नेपालका प्रचलित धान भएको सुदूरपश्चिम कृषि निर्देशनलाय दिपायल राजपुरको तथ्याङ्कमा उल्लेख गरिएको छ । त्यसबाहेक बारामा अनदी बासमती, झापा, मोरङ र सुनसरीमा छोटी, कनक जिरा, जोरपाल र कालो टुन्डे, बासमती, सुनसरीमै गोला, झापालगायत केही पूर्वी जिल्लामा कालो बासमती, डडेल्धुरामा डाँडा बासमती, दोलखामा आँपझुत्ते बासमती धान चलन चल्तीमा रहेको निर्देशनालयले जनाएको छ । नेपाल कृषि अनुसन्धान परिषद् ( नार्क) अन्तर्गत रहेको राष्ट्रिय जीन बैङ्कको तथ्याङ्कमा बाजुरा, मुस्ताङ, धादिङ, ललितपुर, डडेल्धुरा, बैतडी, नुवाकोट, बझाङ, रामेछाप, जुम्ला तथा डोटीलगायत जिल्लाका किसानबाट सङ्कलन गरिएका मसिनो, डाँडा, झिनुवा, हंसराज, कालो बासमतीलगायत नाम गरेका धानका जातहरू उल्लेख गरिएको छ ।

स्थानीय बासमती जातका धानलाई अन्तर्राष्ट्रिय रूपमा धानको अनुसन्धान गर्ने संस्था-इरीलगायत संसारका थुप्रै जीन बैङ्कमा सन् १९७० र १९८० दशकतिरै नेपाललाई आवश्यक पर्दा पाउने गरी सङ्कलन र संरक्षण गरी राखिएको विभिन्न अध्ययनहरूमा उल्लेख गरिएको पाइन्छ । बासमती आँपझुत्ते, असामिया, गोल, लामो, मसिनो, नोखी, पहाडे, रातो, उजर्का, सेतो, डाँडा, कालो, मसिनो, रातो, सेते/सेतो बासमती यसैका उदाहरण भएको बताइएको छ । यी धानहरू राष्ट्रिय र अन्तर्राष्ट्रिय जीन बैङ्कमा नेपालको रैथाने 'बासमती' धानका नामबाटै संरक्षण भएर रहेकाले नेपालले बासमती नाममाथि अन्तर्राष्ट्रिय समुदायमा आफ्नो पनि अधिकार दाबी गर्ने बलियो प्रमाण भएको कृषिविज्ञहरू बताउँछन् । ***(रासस)***

**पाठक पत्र**

# आखिर को हुन् प्रमोदराज ढकाल ?

क्यान्सर रोगको उपचारका लागि देशकै उत्कृष्ट गन्तव्य बन्न सफल भक्तपुर क्यान्सर अस्पतालको बेथिति र भ्रष्टाचारबारे 'मजदुर' दैनिक पत्रिका र सामाजिक सञ्जालहरूमा समाचार आइरहँदा अस्पतालका कर्मचारीको नाताले ध्यानाकृष्ट भएको छ । लामो समयसम्म एउटा गैरसरकारी संस्थाले यस अस्पताललाई दुहुनो गाई बनाएर आर्थिक अनियमितता गरेको विरोधमा अस्पताल बचाउने आन्दोलनमा प्रत्यक्ष सहभागी भएको स्मरण ताजै छ । भक्तपुर नगरपालिका र स्थानीय भक्तपुरवासी जनताले साथ दिँदा यो अस्पताल सरकारीकरण भएकोमा हामी सबै खुसी छौँ । अस्पतालको भौतिक पूर्वाधार सँगसँगै हामी कर्मचारीहरूले पनि सरकारीसरह सेवा सुविधा पाउन अस्पताल व्यवस्थापन समितिमार्फत धेरै प्रयासहरू भएको हामीले सुनेका थियौँ । सायद, त्यसैको परिणामस्वरूप 'भक्तपुर क्यान्सर अस्पताल विकास समिति कर्मचारी सेवाको सर्त र सुविधासम्बन्धी विनियमावली, २०८३' आएको हुनुपर्छ ।

यो खुसी आपसमा साट्न नपाउँदै अस्पतालका कार्यकारी निर्देशक र उनका आसेपासेहरूले उक्त विनियमावली पारित नगराउने षड्यन्त्र गरेको समाचार सुन्दा हामी दु:खी र आक्रोशित बनेका छौँ । यस्तो किन भइरहेको छ ? बीसौँ/पचिसौँ वर्षदेखि अनवरत रूपमा सेवा गरिरहेका हामी कर्मचारीहरूको हक, हित र भविष्यसँग सम्बन्धित विनियमावली पारित नगराउने खेलको पछाडि के हुन सक्छ ? स्वयं कार्यकारी निर्देशक र अन्य चिकित्सक, नर्स तथा पारामेडिक्सहरूको पनि त भविष्यसँग जोडिएको होला नि ? यसको सत्यतथ्य अवश्य बाहिर आउनेछ भन्ने लाग्छ ।

यसैबिच हाम्रो मोबाइलमा एउटा म्यासेज आएको छ । प्रमोदराज ढकालको नामबाट आएको लामो म्यासेजमा विनियमावलीलाई आजको अवस्थासम्म ल्याइपुऱ्याउन सबैको योगदान रहेको चर्चा गर्दै 'चिकित्सक, नर्स, प्राविधिक, पारामेडिक्सलगायत अस्पतालका जनशक्तिसँग सम्बन्धित नियुक्ति, पदमिलान, बढुवा, सेवा-सुविधा, वृत्ति विकास तथा स्वास्थ्य मन्त्रालयका प्रचलित मापदण्डअनुसारको सेवा व्यवस्थापनसम्बन्धी विषयहरू थप स्पष्ट र व्यवस्थित बनाइनु आवश्यक देखिएको' उल्लेख छ । म्यासेजमा अरु पनि थुप्रै कुरा लेखिएको छ । म्यासेज पढ्दा आश्चर्य लाग्यो ।

व्यवस्थापन समितिका अध्यक्ष स्वयं स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव हुनुहुन्छ, विनियमावली बनाउँदा मन्त्रालयका कानुन अधिकृतको प्रत्यक्ष संलग्नता हुन्छ, विनियमावली लोकसेवा आयोग, अर्थ मन्त्रालय, निजामती सेवा आयोगलगायत थुप्रै सरकारी मन्त्रालय र तहमा व्यापक छलफल गरिएको हुनुपर्छ । अनि यसरी तयार गरिएको विनियमावलीमा कर्मचारीको नियुक्ति, पदमिलान, बढुवा, सेवा-सुविधा, वृत्ति विकासका बुँदाहरू उल्लेख नहोलान् भनी कसरी सोचन सकिन्छ र ? विनियमावलीको खेस्रा गर्ने अस्पतालकै कार्यकारी निर्देशक र अन्य उच्चपदस्थ कर्मचारीहरू नै त होलान् नि ? अनि हामी कर्मचारीसँग सम्बन्धित विनियमावली तयार गर्दा हामीसँग कहिल्यै छलफल गर्नु पर्दैन र ?

अस्पतालको कर्मचारी विनियमावली पारित गर्ने विषय राखेर अस्पताल व्यवस्थापन तथा सञ्चालन समितिको बैठक जेठ १२ गते भएको सुन्नमा आएको छ । समितिका पदाधिकारीहरूले पढ्दै नपढी विनियमावली पारित गर्ने निर्णय गरे होलान् त ? त्यो बैठकको माइन्यूट नै तयार नगरेको र विनियमावलीमा पदाधिकारीहरूको दस्तखत नगराइएको पनि सुनिन्छ । यस्तो किन हुन्छ ? म्यासेजमा लेखिएजस्तै सुधार गर्नुपर्ने धेरै ठाउँ भएको भए निर्णयार्थ बैठकमा पेस किन हुन्छ ? बैठकमा पेस गर्न योग्य ठानिएको भए किन पारित गरिन्न ? सदस्य सचिवको नाताले कार्यकारी निर्देशकले माइन्युट तयार गर्ने दायित्व किन बोकेन ? हामी कर्मचारीहरूको प्रतिनिधित्व गर्ने कार्यकारी निर्देशकले विनियमावलीबारे हामीलाई किन जानकारी दिन आवश्यक ठान्नुभएन ? असङ्ख्य प्रश्नहरू उब्जिन थालेका छन् ।

हिजोआज कर्मचारीहरूबिच चर्चा चल्न थालेको छ, प्रमोदराज ढकालले कुन हैसियतले हामीलाई म्यासेज पठाएको ? उनको नियुक्ति प्रक्रिया र कार्यादेशबारे नै विवाद रही आएको छ । उनी कुन तहको ? र कसले, के कामका लागि नियुक्त गरेको व्यक्ति हो ? सत्ता र शक्तिको नजिक भएकै आधारमा दैनिक ज्यालादारीमा नियुक्त गरिएको भनिएको व्यक्तिलाई म्यासेजमार्फत कार्यकारी निर्देशकको 'बोली' र 'परिपत्र' गर्ने अख्तियारी कसले दियो ? उनको नियुक्तिको वैधानिकता खै ?

अस्पतालको सामान खरिद प्रक्रियामा व्यापारीहरूसँग डिल गर्ने उही ढकाल अघि सर्छ, स्वास्थ्य शिविरमा उही ढकालको फूर्ति चर्को हुन्छ, शनिबार र बिदाको दिन सबैलाई बिदा तर उसको हाजिरी हुन्छ । नवौँ तहको सेवा सुविधा लिन्छ । अनि उही ढकालले हामीलाई विनियमावलीको पाठ पनि पढाउन थाल्छ । के यो अख्तियारको दुरुपयोग होइन ? कार्यकारी निर्देशक अस्पतालमा कार्यरत सबै चिकित्सक, नर्स र कर्मचारीहरूको बिचमा हुनुपर्नेमा उही ढकालको पछाडि किन दगुर्छ ? कार्यकारी निर्देशक र ढकालबिच के नाता छ ?

ढकाल र यस्तै आसेपासेको कुबुद्धिले अस्पताललाई थला पार्ने काम भइरहेको कर्मचारीहरूमा छलफल हुन्छ । यस विषयमा कार्यकारी निर्देशकलाई कर्मचारीहरूको तर्फबाट पटक पटक सचेत पनि गराइएको हो । कर्मचारीको भावनालाई किन बेवास्ता गर्छ । भक्तपुर क्यान्सर अस्पताल कोही व्यक्ति विशेषको पेवा होइन । यो त सारा कर्मचारीहरूको कर्मथलो हो, देशभरिका बिरामीहरूको आशा र भरोसाको केन्द्र हो । सारा नेपाली जनताको अपनत्व बोकेको साझा संस्था हो । कुनै बहानामा यसलाई भत्काउने, बिगार्ने वा समाप्त पार्ने काम कसैले नगर्दा हुन्छ । बेलैमा बुद्धिको घैंटोमा घाम लागोस् ।

***- एक सामान्य कर्मचारी,***
***भक्तपुर क्यान्सर अस्पताल***

*दुईदिने...*

प्रवर्द्धन गर्ने अवसर दिएर भक्तपुर घरेलु तथा साना उद्योग सङ्घले उच्च मूल्याङ्कनयोग्य काम गरेको बताउनुभयो । भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले समापन समारोहमा उपस्थित सम्पूर्णलाई स्वागत गर्नुभएको थियो भने भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले मेला सफलतापूर्वक सम्पन्न गराउन सहयोग गर्ने भक्तपुर नगरपालिका, नगर प्रहरी, स्थानीय बासिन्दा, सञ्चारकर्मी, सरसफाइ मजदुर, स्टल राख्ने उद्यमीहरू, टेन्ट एन्ड इभेन्ट्स सोलुसन, तथा लाइट र साउन्ड सिस्टमका प्राविधिकहरूसहित प्रत्यक्ष-अप्रत्यक्ष सहयोग गर्ने सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

समापन समारोहमा प्रमुख अतिथि प्रदेश सांसद सैँजुले मेलामा सहभागी सबै उद्यमीहरूलाई प्रमाणपत्र वितरण गर्नुभयो भने मेला सहभागी स्टलमध्ये मूल्याङ्कन समितिको कार्यविधि अनुसार उत्कृष्ट स्टल बन्न सफल भादगाउँले कालोटोपी सङ्घलाई प्रशंसा पत्र प्रदान गर्नुभयो ।

यसैगरी, दुई दिनसम्म आफ्नो सुमधुर गायनमार्फत दर्शकलाई मनोरञ्जन प्रदान गरेकी गायिका कल्पना श्रेष्ठ र प्रमुख अतिथि सांसद सैँजुलाई सङ्घका अध्यक्ष श्यामसुन्दर श्रेष्ठले सङ्घका तर्फबाट 'मायाको चिनो प्रदान गर्नुभएको थियो भने सङ्घका सचिव श्रीजना कक्षपतिले मेला आयोजना गर्नु र सङ्घले उद्यमी व्यवशायीहरूलाई प्रदान गर्दै आईरहेको सेवा सुविधाबारे चर्चा गर्नुभयो ।


## हार्दिक समवेदना



जन्म : २००१/०४/०५
निधन: २०८३/०३/०६

यस उदय साकोसका कोषाध्यक्ष शिवराम बोहजुका पूजनीय पिता **बिकुराम बोहजु**को दु:खद निधनको खबरले हामी स्तब्ध छौँ । यस दु:खद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने क्षमता मिलोस् भनी कामना गर्दै मृतकप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौँ ।

**उदय बचत तथा ऋण सहकारी संस्था लि.**
लिवालिवी-८, भक्तपुर

## हार्दिक समवेदना



जन्म : २००१/०४/०५
निधन: २०८३/०३/०६

यस संस्थाका कोषाध्यक्ष सुलोचना दुवालका श्रद्धेय ससुराबुबा एवम् यस संस्थाका सदस्यता नं. २४०१ का सदस्य **बिकुराम बोहजु**को असामयिक निधन भएको आज चौथो दिन (लक्च) को पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा ईश्वरले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भनी हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**अध्यक्ष**
**भाषासेवी मास्टर जगत सुन्दर बचत तथा ऋण सहकारी संस्था लि., परिवार**



## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौँ ।

**संस्थाको खँचा स्थित सिद्धि गणेश स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू**




- **दैनिक रूपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- **फिजियोथेरापी सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
- **डेन्टल सेवा**: सोमबारदेखि शनिबार बिहान ९:०० देखि २:०० बजेसम्म
- **मुटुरोगसम्बन्धी सेवा**: प्रत्येक बिहीबार बिहान ८:०० देखि ९:०० बजेसम्म
- **डा. रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा**: प्रत्येक शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म

**पुनश्च: संस्थाको कार्यालय भवन, चोर्चाबाट बिहान ८ देखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिक, खँचाबाट बिहान ७ देखि ९ बजेसम्म नि:शुल्क रक्तचाप परीक्षण भइरहेको जानकारी गराइन्छ।**

**स्वास्थ्य उपसमिति**

### गतिविधि






सिथि नख: को अवसरमा सिद्धि गणेश साकोस परिसर, चोर्चा टोल र पलिखेल क्षेत्र सरसफाइ कार्यक्रममा संस्थाको समिति एवम् कर्मचारीहरूको सहभागिता । (जेठ ६)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'



**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्र(यातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE


*भक्तपुर...*

सञ्चालन गठन आदेश जारी गरी विसं २०७७ कार्तिक २३ गते पूर्ण सरकारी स्वामित्वमा गएको हो । उक्त अस्पतालले हाल दैनिक सयौँको सङ्ख्यामा देशभरिका क्यान्सर रोगका बिरामीहरूको उपचार सेवा प्रदान गर्दै आएको छ । अस्पतालमा लिनायक मेसिन, ब्राकिथेरापी, मोड्युलार अपरेसन थियटरलगायत अत्याधुनिक प्रविधिबाट बिरामीको उपचार भइरहेको छ । गरिब तथा विपन्न परिवारका रोगीहरूलाई सहज ढङ्गबाट उपचार सेवा प्रदान गर्दै आएको उक्त अस्पताल क्यान्सर उपचारका लागि कम शुल्क उपचार सेवा देशकै उत्कृष्ट विशिष्टकृत अस्पतालमध्येमा पर्छ ।

कर्मचारीहरूको प्रतिनिधिमण्डलले नगर प्रमुखबाट अस्पतालको विकास तथा कर्मचारीहरूको वृत्ति विकासमा सकारात्मक सुधारका लागि पहल हुने विश्वास व्यक्त गरेको थियो ।


## लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

BHAKTAPUR MUNICIPALITY

### अपाङ्गता भएका व्यक्तिहरूलाई झुल वितरण गर्नेसम्बन्धी सूचना

भक्तपुर नगरपालिकाबाट अपाङ्गताको परिचयपत्र प्राप्त व्यक्तिहरूलाई डेङ्गुलगायतका किट्जन्य रोगहरूबाट जोगाउन निम्न मिति, समय र स्थानमा झुल वितरण गर्ने भएकोले सम्पूर्ण अपाङ्गता भएका व्यक्ति/संरक्षकहरूले भ.न.पा. वडा नं. २, न:पुखुस्थित जनज्योति पुस्तकालयमा अपाङ्गता परिचयपत्रसहित नाम दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**

**मिति**: २०८३/०३/१४ गते, आइतबार
**समय**: बिहान ७:०० बजे
**स्थान**: भ.न.पा. १ नं. वडा कार्यालय, दूधपाटी
**दर्ता गर्ने अन्तिम मिति**: २०८३/०३/१३ गते, शनिबारसम्म

**पुनश्च**: जनज्योति पुस्तकालय बुधबार बन्द रहने र शनिबार खुला रहने व्यहोरा अनुरोध छ ।